जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २५७ • २०७९ साल माघ २७ गते शुक्रबार (10 February, Friday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

# लाखौं नगदसहित भारी मात्रामा अवैध सामान बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । वीरगञ्ज र विराटनगरबाट २८ लाख स्रोत नखुलेको रकमसहित लाखौं मूल्य बराबरको सरसामान बरामद गरिएको छ। वीरगञ्ज र विराटनगरको विभिन्न नाकाबाट आएका भारतीय तथा नेपालीहरुलाई खोजतलास गर्दा उनीहरुको संगवाट २८ लाख स्रोत नखुलेको रकम बरामद भएको छ भने तस्करी गरी ल्याएको दुई कन्टेनरलाई बिहीबार प्रहरीले नियन्त्रणमा लिएको छ।

प्रहरीले वीरगञ्जबाट स्रोत नखुलेको १८ लाख नेपाली रुपैयाँसहित दुई जना भारतीय नागरिकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा बिहारको मोतिहारीका २५ वर्षीय राकेश कुमार र प्रसंजित कुमार रहेका छन्।

बीआर ०५ एभी ६८७१ नम्बरको मोटरसाइकलमा आउँदै गरेका दुबै जनाको साथबाट हेलमेटमा लुकाएर ल्याएको १८ लाख रकम बरामद गरिएको प्रहरीले जनाएको छ।

रकमको स्रोत खुलाउन नसकेपछि दुबै जनालाई नियन्त्रणमा लिइएको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकीले जानकारी दिए।

यता, प्रहरीले स्रोत नखुलेको रकमसहित विराटनगरबाट एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा विराटनगर महानगरपालिका-१९ का ४२ वर्षीय सञ्जीवकुमार साह रहेका छन्। प्रहरीले बुधबार राति भारतीय नम्बर प्लेटको मोटरसाइकलमा सवार साहको साथबाट ९ लाख २० हजार रूपैया बरामद गरेको छ।

साह बीआर ३८ एन ४९३० नम्बरको मोटरसाइकलमा सवार थिए। विराटनगर-१० मा राति साढे ८ बजे चेकजाँच गर्दा उनको साथबाट रकम बरामद भएको थियो। बरामद रकमको स्रोत नखुलेको प्रहरीले बताएको छ।

त्यस्तै वीरगञ्जबाटनै प्रहरीले तस्करीको सामान रहेको आशंकामा दुई वटा कण्टेनर सहितको ट्रक नियन्त्रणमा लिएको छ।

प्रहरी चौकी सिर्सियाबाट खटिएको प्रहरी टोलीले वीरगञ्ज महानगरपालिका-२५ ड्राइपोर्ट चोकबाट ना.६ ख. ४००६ र ना.६ ख. ४६०८ नम्बरको मालबाहक ट्रक नियन्त्रणमा लिएको छ।

वीरगञ्जबाट काठमाण्डु जाँदै गरेका ती दुबै ट्रकमा रहेका कण्टेनरमा सिलबन्दी नरहेको भेटिएपछि प्रहरीले नियन्त्रणमा लिएको छ। ती दुबै कण्टेनरबाट ३६ लाख ८८ हजार ९१ रुपैयाँ मूल्य बराबरको कपडा बरामद गरिएको वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षक डिल्लीराज सापकोटाले जानकारी दिए।

नेपाल सरकारले जुन नाकाबाट तस्करी हुन्छ त्यो नाकामा खटेका सुरक्षाकर्मीलाई कारबाही गर्ने चेतावनी दिए पनि नाकाहरुमा सरसामान बरामद नभए पनि नेपाल भित्र आएर सामान बरामद हुने क्रम बढेको छ।

> **नेपाल सरकारले जुन नाकाबाट तस्करी हुन्छ त्यो नाकामा खटेका सुरक्षाकर्मीलाई कारबाही गर्ने चेतावनी दिए पनि नाकाहरुमा सरसामान बरामद नभए पनि नेपाल भित्र आएर सामान बरामद हुने क्रम बढेको छ।**

## सुदुरपश्चिममा ढल्यो गठबन्धन सरकार
# नेकां संसदीय दलका नेता शाह मुख्यमन्त्री नियुक्त

**प्रकाश**

धनगढी । सुदुर पश्चिम प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाह विहीबार नियुक्त भएका छन् । प्रदेश प्रमुख देवराज जोशीले संविधानको धारा १६८ को उपधारा ३ अनुसार प्रदेशसभाको सबैभन्दा ठूलो दलको संसदीय दलको नेताको हैसियतमा शाहलाई मुख्यमन्त्री नियुक्त गरेको प्रदेश प्रमुखको सचिवालयले जनाएको छ।

सत्तारुढ गठबन्धनबाट एमाले संसदीय दलका नेता राजेन्द्र रावल दिउँसो पदमुक्त भएपछि साँझ शाह मुख्यमन्त्रीमा नियुक्त भएका हुन्। उनले प्रदेश सभामा सबै भन्दा ठूलो दलको हैसियतमा सरकार बनाउने दाबी प्रस्तुत गरेपछि प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गरेका छन्। उनले पनि ३० दिन भित्र प्रदेशसभामा बहुमत साबित गर्नुपर्ने छ।

सुदरपश्चिम प्रदेशसभामा कुल ५३ जना सांसद रहेका छन्। त्यस मध्ये नेपाली कांग्रेसको १९, माओवादी केन्द्रको सभामुख सहित ११, नेकपा एमालेको १०, नागरिक उन्मुक्ति पार्टीको ७ र एकीकृत समाजवादी (नेकपा एस)को ४ सांसद रहेका छन्। राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) का १ र स्वतन्त्र १ जना सांसद रहेका छन्।




सरकारलाई बहुमतका लागि २७ जना सांसद चाहिन्छ। कांग्रेसको १९ जना, नेकपा एसका ४ जना र नागरिक उन्मुक्ति पार्टीका ७ जनाको समर्थन प्राप्त गर्ने कांग्रेसको दाबी छ। नागरिक उन्मुक्ति पार्टीको समर्थन बिना कांग्रेसका मुख्यमन्त्री शाहले पनि बहुमत सिद्ध गर्न सक्ने अवस्था छैन्।

केन्द्रीय सत्ता गठबन्धन भत्किए माओवादी केन्द्र पनि कांग्रेस सहितको गठबन्धनमा समावेश हुन सक्ने भिनो संभावना रहेको बताइन्छ।

विश्वासको मत नपाएपछि सुदूरपश्चिमका मुख्यमन्त्री रावल स्वतःपदमुक्त भएका थिए। प्रदेश सभामा विश्वासको मतका लागि मतदानको प्रक्रियामा रावलको प्रस्ताव जान सकेन्। मुख्यमन्त्री बनेको ३० औ दिनमा उनले विश्वासको मत प्राप्त गर्न असफल भएपछि प्रदेश प्रमुख देवराज जोशीलाई भेटेर राजीनामा बुझाएका थिए।

रावलले पेश गरेको विश्वासको मत लिने प्रस्ताव सुदूरपश्चिम प्रदेशसभामा अस्वीकृत भएसँगै उनी स्वतः पद मुक्त भएका थिए।

रावलको नेतृत्वमा सरकार गठनका लागि सत्तागठबन्धनमा रहेको नागरिक उन्मुक्ति पार्टीको समेत समर्थन रहेको थियो। तर सो पार्टीका सांसदहरु काठमाण्डुमा नै रहेकाले रावलको पक्षमा विश्वासको प्रस्ताव पास हुन सकेन्। पुस २७ गते मुख्यमन्त्री नियुक्त भएका रावलले संविधान अनुसार ३० दिनभित्र विश्वासको मत लिनुपर्ने बाध्यता थियो। उनले ५ गते बुधवार नै विश्वासको मत लिन प्रदेशसभाको बैठक बोलाउन सभामुखलाई पत्राचार गरेका थिए। तर नागरिक उन्मुक्ति पार्टीका सांसदहरुले मतदानमा भाग लिन अस्वीकार गरेपछि बैठक विहीबारकालागि सारिएको थियो। जस अनुसार उनी मुख्यमन्त्री भएको ३० दिन पूरा भएको छ।

तर विश्वासको मत लिने दिन नागरिक उन्मुक्ति पार्टीका सांसद प्रदेशसभामा अनुपस्थित भएपछि रावलले विश्वासको मत पाउन नसकेका हुन्। रावल पदमुक्त भएपछि प्रदेश प्रमुख जोशीले नयाँ मुख्यमन्त्री नियुक्तिका लागि ठूला दललाई आव्हान गरेका थिए।

नागरिक उन्मुक्ति पार्टीले मुख्यमन्त्रीलाई विश्वासको मत नदिए पनि सभामुखमा माओवादी केन्द्रका उम्मेदवारलाई समर्थन गरेको थियो। माओवादी केन्द्रसित नजिक रहेको मानिएका नागरिक उन्मुक्ति पार्टीले एमालेको विरोध गर्दै आएको छ।

सो पार्टीका प्रमुख संरक्षक रेशम चौधरी विरुद्धको मुद्दा फिर्ता लिइ जेलमुक्त गर्नुपर्ने प्रमुख माग राखेको छ। नागरिक उन्मुक्ति पार्टीका अर्का सांसदलाई समेत पक्राउ गरेको छ।






# मधेश भवनको सुरक्षा व्यवस्था कडा बनाउन मुख्यमन्त्रीको निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश भवनको सुरक्षा बढाइएको छ। मुख्यमन्त्री सरोज कुमार यादवको निर्देशनमा मधेश भवन परिसर, मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय र मुख्यमन्त्री निवासको सुरक्षा व्यवस्था बढाइएको छ।

यस अघि मधेश भवन परिसरको सुरक्षा व्यवस्थामा सशस्त्र प्रहरी मात्रै परिचालन गरिएको थियो भने मुख्यमन्त्री निवासको सुरक्षा नेपाली सेनाले गर्दै आएका थिए। तर मुख्यमन्त्री यादवको निर्देशनमा नेपाल प्रहरीको असईको नेतृत्वमा थप १२ जना नेपाल प्रहरीको टोली पनि मधेश भवन परिसरको सुरक्षा व्यवस्थामा खट्ने भएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दिएको जानकारी अनुसार नेपाल प्रहरीको टोली मुख्यमन्त्री तथा मन्त्रिपरिषद् निवासको सुरक्षामा पनि खटाइने भएकोछ। त्यसैगरी, मधेश भवनको मूल प्रवेशद्वारामा सुरक्षा व्यवस्था कडा बनाउन मुख्यमन्त्री यादवले निर्देशन दिएका छन्।

मधेश भवन छिर्ने नेता तथा सर्वसधारणलाई अनिवार्य रुपमा आफ्नो नाम, ठेगाना, कामको विवरण, मोबाईल नम्बर र मोटरसाईकल वा गाडीमा आएको खण्डमा उक्त सवारीको नम्बर दैनिक हाजिरी नोट गर्न प्रहरीलाई निर्देशन दिइएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका एक कर्मचारीले जानकारी दिए।

# रौतहट प्रशासन विरुद्ध बजार बन्दको घोषणा

**राकेश यादव**

रौतहट। रौतहट जिल्लाका व्यापारीहरु स्थानीय प्रहरी प्रशासनको विरुद्ध आन्दोलित भएका छन्। रौतहट जिल्लाको सदरमुकाम गौर स्थित रहेका व्यापारीहरुलाई प्रहरी प्रशासनले दुःख दिन थालेपछि रौतहट उद्योग वाणिज्य संघ स्थानीय प्रहरी प्रशासन विरुद्ध बजार बन्द गराउने घोषणा गरेका छन्।

गएको १७ गते गौर नगरपालिका वड़ा नम्बर ५ मा सञ्चालनमा रहेको फुलतारा डेरी उद्योगमा छापामारी गर्ने क्रममा ठूलो परिणाममा अखाद्य वस्तु फेला परेपछि स्थानीय प्रहरीले गौर बजारमा लगातार गरेको छापामारीको विरुद्ध व्यवसायीहरु आन्दोलनको घोषणा गरेका छन। विहीबार बसेको बैठकबाट तस्करी गराउने स्थानीय प्रहरीको ज्यादती बढ़ी भएको भन्दै व्यापारीहरु तीन दिन बजार बन्द गर्ने निर्णय गरेका छन। उद्योग वाणिज्य संघको आयोजनामा भएको बैठकमा बजार अनुगमनको बहानामा व्यापारीहरुलाई अनावश्यक रुपमा तनाव दिने गरेकोले माघ २६ गते देखि २९ गते सम्म बजार बन्द गर्ने निर्णय भएको महासचिव रवि यादवले जानकारी दिए।

सीमामा तस्करी नियंत्रणको लागि परिचालन गरिएको नेपाल प्रहरी तथा सशस्त्र प्रहरीले आर्थिक लाभ लिएर तस्करी गराउने तथा बजारमा सञ्चालन रहेको पसलमा पछि आएर छापामारी गर्ने गरेको कार्यको विरुद्ध व्यापारीहरु आन्दोलित भएका छन्।

# एक लाख भन्दा बढी मतदाता हुनबाट वञ्चित

**टुडे समाचारदाता**



राजविराज। सप्तरीमा मतदाताहरुको नामावलीमा महिला, दलित लगायत सीमान्तकृत समुदायको पहुँचको कमीका कारण अझै एक लाखको हाराहारीमा मतदाताहुनबाट वञ्चित भएका छन्।

दलितहरुको क्षेत्रमा क्रियाशील गैर सरकारी संस्था दलित सरोकार मञ्च नेपाल कञ्चनपुर सप्तरीले विहीबार अग्नीसाईर कृष्णासवरण गाउँपालिकाको जण्डौलमा आयोजना गरेको "मतदाता नामावलीमा महिला दलित लगायत सीमान्तकृत समुदायको पहुँचमा रहेको अवरोध"बारे पत्रकार सम्मेलन तथा दलित जनप्रतिनिधिहरुको जिल्ला भेलामा यस्तो जानकारी गराइएको छ।

कार्यक्रममा संस्थाका कार्यकारी निर्देशक भोला पासवानले राज्यको नीति तथा महिला, दलित लगायतका सीमान्तकृत समुदायमा देखिएको अशिक्षा, पहुँचको अभाव, नागरिकताको समस्या, बेरोजगारी, प्राविधिक ज्ञानको अभाव जस्ता कारणले करिब एक लाखको हाराहारीमा ती समुदायका व्यक्तिको नाम अझै मतदाता सूचीमा समावेश हुन नसकेको बताए।

उनले राष्ट्रियस्तरमा औसत साक्षरताको ६५ दशमलव ९ प्रतिशत रहेकोमा दलितको ५२ दशमलव ४ प्रतिशत रहेको जानकारी दिए। त्यस मध्ये पनि तराईका दलित साक्षरता प्रतिशत ३४ दशमलव ५ मात्र रहेको उनले बताए।

दलित समुदायबाट निर्वाचित जिल्लाभरिका स्थानीय तहका ७ वडा अध्यक्ष र ६९ कार्यपालिका सदस्य गरी ७६ जनप्रतिनिधि सहितको भेला राखेर गरिएको कार्यक्रममा सहभागी अधिकाँशले अनलाईन मार्फत मतदाता नामावली दर्ता संगै नागरिकता जारी हुने कार्यालयबाट पनि नियमित रुपमा मतदाता नामावलीमा नाम संकलनको व्यवस्था हुनु पर्नेमा जोड दिए।

सप्तरीबाट सुरु भएको यो कार्यक्रम मधेश प्रदेशको १ सय ३६ वटै पालिकामा अभियान कै रुपमा सञ्चालन गरिने आयोजक संस्थाले जनाए। यसका लागि भेलाबाट विहीबार नै सप्तरी जिल्लामा तयारीका लागि विष्णुपुर गाउँपालिकाका कार्यपालिका सदस्य अशोक कुमार रामको संयोजकत्वमा १८ सदस्यीय दलित सञ्जाल समिति समेत गठन गरिएको छ। उक्त समितिको सदस्यमा १८ वटै पालिकाबाट निर्वाचित दलित समुदायका जनप्रतिनिधि सदस्य छन्।

कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरी शाखाका सभापति श्रवण कुमार देव, दलित अगुवा राजकुमार पासवान, अशोक राम, रन्जु सरदार, हेराम मण्डल लगायतले मतदाता सूचीमा समावेश हुन छुटेका दलित लगायत सीमान्तकृत समुदायको नाम समावेश गर्न तत्काल सरकारले आवश्यक पहल गर्नु पर्नेमा जोड दिएका थिए।

# चन्द्रनगरमा छुवाछुत अनुगमन समिति

**टुडे समाचारदाता**




सर्लाही। सर्लाहीको चन्द्रनगर गाउँपालिकामा स्थानीय जातिय विभेद तथा छुवाछुत अनुगमन समिति गठन गरिएको छ। मधेश प्रदेश सरकारले बनाएको दलित सशक्तिकरण ऐन कार्यान्वयनका लागि सो समिति गठन गरिएको हो।

दलित समुदायको सामाजिक, आर्थिक तथा सामाजिक विकासका लागि प्रदेश सरकाले बनाएको ऐनमा व्यवस्था भए अनुसार प्रदेशमै पहिलो पटक चन्द्रनगरले स्थानीय जातिय विभेद तथा छुवाछुत अनुगमन समिति गठन गरेका छन्। चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महतोले स्थानीय जातिय विभेद तथा छुवाछुत अनुगमन समितिको संयोजकमा चन्द्रनगर गाउँपालिकाका वडा सदस्य उमेश कुमार माझिलाई संयोजक चयन गरी तत्कालका लागि ७ सदस्यीय समिति चयन गरेको जानकारी दिए।

समितिको संयोजकमा उमेश कुमार माझि, सदस्यहरुमा दलित अधिकारकर्मी महेन्द्र राम, शिवकलि देवी ऋषि, चन्द्रनगर गाउँपालिकाका कार्यपालिका सदस्य रिता देवी माझि, चन्द्रनगर गाउसभा सदस्य भगिया देवी पासमान, लोकतान्त्रिक समाजवादी पार्टीका प्रतिनिधि दशै पासमान र चन्द्रनगर गाउँपालिका सामाजिक शाखाका अधिकृत कृष्ण प्रसाद आचार्यलाई चयन गरिएको छ।

गाउँपालिकामा दलितहरुको जनसंख्या दोश्रो स्थानमा रहेको र दलितहरु सामाजिक, आर्थिक, सामाजिक रुपले पछाडि परेका कारण उनीहरुको उत्थानका लागि प्रदेश सरकारले बनाएको दलित सशक्तिकरण ऐन कार्यान्वयन गर्न स्थानीय जातिय विभेद तथा छुवाछुत अनुगमन समिति गठन गरिएको गाउँपालिका प्रमुख महतोले बताए।

मधेश प्रदेशको १३६ स्थानीय तहमा स्थानीय जातिय विभेद तथा छुवाछुत अनुगमन समिति गठन गर्ने व्यवस्था भए पनि समिति गठन हुन सकेको छैन। ऐन २०७६ मा बनेर २०७८ मा ऐन कार्यान्वयनका लागि नियमावली बनाइएको थियो। तर हाल सम्म दलित सशक्तिकरण ऐन कार्यान्वयन हुन सकेको छैन।

ऐन कार्यान्वयनका लागि पालिका, प्रदेश र प्रहरीमा तीनवटा समिति बनाउने अवधारणा छ। ऐनमा प्रदेश प्रहरी अन्तर्गत दलित प्रहरीकै नेतृत्वमा जातिय विभेद तथा छुवाछुत नियन्त्रण इकाइ स्थापना गर्ने व्यवस्था छ। प्रदेशस्तरीय जातिय विभेद तथा छुवाछुत अनुगमन समिति गठन गरिएको छ। मुख्यमन्त्रीको नेतृत्वमा रहेको यो समितिको प्रगति पनि शून्य छ। अहिलेसम्म समितिका दुईवटा बैठक मात्र बसेका छन् भने कुनै पनि विषयमा प्रतिवेदन तयार भएको छैन।

०७५ कात्तिक २० गते सामाजिक विकास मन्त्रालयले यो ऐन प्रदेश सभामा दर्ता गरेको थियो। त्यसको एक वर्षपछि ०७६ मंसिर २४ गते ऐन प्रमाणीकरण भएको थियो। सरकारले यो ऐनलाई उच्च प्राथमिकता दिएको थियो। सरोकारवाला निकायहरू भने सरकारकै त्रुटिका कारण ऐन कार्यान्वयनमा आउन नसकेको गुनासो गरे।

# खेलाडीका लागि नगरले लगानी गर्ने : मेयर क्षेत्री



**टुडे समाचारदाता**

बर्दिवास। बर्दिवास नगपालिकाका नगरप्रमुख प्रह्लादकुमार क्षेत्रीले बर्दिवासमा फुटबलमात्रै नभएर समग्र खेल र खेलाडीका लागि नगरले लगानी गर्ने बताएका छन्।

मेयर गोल्डकप फुटबल प्रतियोगिताको बिहीबार उद्घाटन गर्दै उनले खेलाडीको क्षमता अभिवृद्धि गर्ने र राष्ट्रिय स्तरका प्रतियोगितामा सहभागी गराउने गरी काम अघि बढाउने बताए।

एन्फाबाट स्वीकृति प्राप्त गरी बर्दिवासमा राष्ट्रिय स्तरको यो पहिलो खेल आयोजना गरिएको आयोजक नगर खेलकुद विकास समिति बर्दिवासका अध्यक्ष दीपेन्द्रकुमार शिवभक्तिले जानकारी दिए।

बिहीबारबाट सुरु भएको प्रतियोगिता फागुन ४ गतेसम्म चल्ने आयोजक समितिले जनाएको छ।

प्रतियोगिता माघ २६ गते बागमती युवा क्लब सर्लाही र वीरगञ्ज युनाइटेड पर्सा, २७ गते बर्दिवास युथ क्लब बर्दिवास, पेमा युवा क्लब विराटनगर, २८ गते क्यामरुन एफ सी काठमाण्डु र झापा-११ र २९ गते ब्वाइज युनियन क्लब काठमाण्डु र धरान फुटबल क्लबबीच प्रतिस्पर्धा हुने समितिका अध्यक्ष शिवभक्तिले जानकारी दिए।

१ र २ गते सेमिफाइनल र ४ गते फाइनल खेल हुने आयोजकले जनाएको छ।

# वन्यजन्तु हेर्न जिप सफारी

भरतपुर। चितवनको भीमवली सामुदायिक वनले पर्यटकका लागि जिप सफारी सुरु गरेको छ। कालिका नगरपालिका-५ पदमपुरस्थित वनमा आन्तरिक पर्यटन प्रवर्द्धनका लागि जिप सफारी सेवा सुरु गरिएको हो।

भीमवली पार्कदेखि सुरु हुने सफारी गुन्द्रेमान्द्रे चौर हुँदै डेढदेखि दुई घन्टाको यात्रापछि पुनःभीमवलीसम्म सञ्चालन हुनेछ। नगरपालिकाका जनप्रतिनिधिसहित स्थानीय सरोकारवालालाई जिप सफारी गराएर औपचारि करुपमा सफारी सेवा सुरु गरिएको सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष जयचन्द्रप्रसाद चौधरीले जानकारी दिनुभयो।

उहाँले जिप सफारीका क्रममा गैंडा, चित्तल, जरायो, मयुरलगायतका जीवजन्तु अवलोकन गर्न पाइने बताउनुभयो। पदमपुर पर्यटनको सम्भावना भएको क्षेत्र हो।

नगर प्रमुख विनोद रेग्मीले भीमवली वन क्षेत्र नयाँ पर्यटकीय गन्तव्यका रुपमा विकास हुने बताउनुभयो। उहाँले नगरपालिकाले पनि यस क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। रासस

# ईप्रका गरुडामा नयाँ डिएसपी हाजिर

**ओम प्रकाश यादव**



गरुडा। ईलाका प्रहरी कार्यालय गरुडा, रौतहटको नयाँ कार्यालय प्रमुखको रुपमा डिएसपी छेदीलाल कामति हाजिर भएका छन्। यस अघिका डिएसपी बरुण बहादुर सिंहको काठमाण्डु सरुवा भएपछि गरुडामा नयाँ डिएसपी कामति हाजिर भएका छन्। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरमा कार्यरत प्रहरी नायव उपरीक्षक डिएसपी कामति ईलाका प्रहरी कार्यालय गरुडाको प्रमुखको जिम्मेवारी सम्हालेका छन्।

गरुडाका सम्पूर्ण प्रहरी कर्मचारीहरुले नयाँ हाजिर भएका डिएसपी कामतिलाई माला र खादा ओढाएर स्वागत गरेका थिए। गरुडामा हाजिर हुने बित्तिकै डिएसपी कामतिले ईप्रका गरुडा मातहातका समग्र शान्ति सुरक्षाको अवस्था, अपराध नियन्त्रण तथा अनुसन्धान प्रगति, शान्ति सुरक्षाका लागि चालिएका कदमहरु, देखिएका समस्या र समाधानका लागि गर्नुपर्ने प्रयासहरुका बारेमा कार्यालयका प्रहरी अधिकृतहरुसंग जानकारी लिएका थिए।

यसैविच गरुडा उद्योग वाणिज्य संघको कार्यालयमा बुधवार साँझ अबेर आयोजित एक कार्यक्रमका बीच स्थानीय व्यापारीहरुले डिएसपी कामतिलाई फुल माला र खादा सहित स्वागत गरेका छन्।

सो क्रममा डिएसपी कामतिले शान्ति सुरक्षालाई थप सुदृढ बनाई आम नागरिक तथा व्यापारीहरुलाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउने गरी आफू काम गर्ने बताए।

# गोगल र जनकपुर फाइनलमा

**टुडे समाचारदाता**

जनकपुरधाम। जानकपुरधाममा जारीअण्डर-१६क्रिकेटप्रतियोगिताको फाइनलमा गोगल प्रसाद मोडेल स्केण्ड्री स्कुल र जनकपुर पब्लिक स्कुल पुगेको छ। विहीबार भएको सेमिफाइनल खेलमा रोमाञ्चक जितसँगै दुबै टीम फाइनलमा पुगेको हो। अब शनिबार यी दुबै टीमबीच उपाधिको लागि प्रतिस्पर्धा हुनेछ।

विहीबार भएको पहिलो खेलमा गोगल प्रसाद टीम तीन विकेटले एरे इन्टरनेशनल स्कुललाई पराजित गरेको थियो। टस जितेर एरेका खेलाडीहरु पहिलो ब्याटिङ रोजेका थिए। एरेका खेलाडीहरु निर्धारित २० ओभरमा ९ विकेट गुमाएर मात्र ९४ रन बनाउन सकेका थिए। एरेका लागि युवराज साहले ३८ बलमा १८ रन र अरनव यादवले २५ बलमा १५ रन बनाएका थिए। एरेका अन्य ब्याटस म्यानले दोहोरो अंकमा रन बनाउन सकेनन्।

गोगलको तर्फबाट बलिङ गरेका सर्वजित चौधरी र प्रशान्त झाले उत्कृष्ट प्रर्दशन गर्दै दुई/दुई विकेट लिए। चार ओभर बलिङ गर्दा चौधरीले दश रन र झाले मात्र सात रन खर्चेका थिए। यस्तै, ९५ रनको लक्ष्य पाएका गोगल टीमले १६ ओभरमा सात विकेट गुमाएर लक्ष्य पूरा गरेको थियो। गोगलको लागि सुधान्शु निधिले ३६ बलमा ४० रन र सर्वजित चौधरीले २७ बलमा २० रन बनाएका थिए। यस खेलको म्यान अफ दि म्याच सर्वजित चौधरी घोषित भएका थिए।

त्यस्तै दोस्रो खेलमा जनकपुर पब्लिक स्कुलले मोनाष्टिक आवासीय माध्यमिक विद्यालयलाई पाँच रनले पराजित गरेको छ। विहीबार भएको दोस्रो सेमिफाइनल खेलमा सुरुमा ब्याटिङ गरेका जनकपुर पब्लिक टीमले ११ ओभरमा सबै विकेट गुमाएर झिनो लक्ष्य मोनाष्टिक टीम समक्ष प्रस्तुत गरेका थिए। जनकपुरको लागि धीरज यादवले ११ बलमा १५ रन बनाएका थिए। जनकपुर पब्लिकका अन्य ब्याटस म्यानले दोहोरो अंकमा रन बनाउन सकेनन्।

मोनाष्टिकका लागि विवेक साहले पाँच र अमन साहले दुई विकेट लिए। ६३ रनको लक्ष्य पाएको मोनाष्टिकले १५ ओभरमै सबै विकेट गुमाएर मात्र ५७ रन बनाउन सके। झिनो रनले मोनाष्टिक टीम पराजित भएका थिए। मोनाष्टिकका कुनै पनि ब्याटस् म्यानले दोहोरो अंकमा रन बनाउन सकेनन्। जनकपुर पब्लिकको लागि अंजलेश यादवले चार र गौतम साहले तीन विकेट लिएका थिए। यस खेलको म्यान अफ दी म्याच अंजलेश यादव घोषित भएका थिए।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख। |
| बृष | : धन बृद्धि सञ्चय। |
| मिथून | : भ्रमण अवसर हुने। |
| कर्कट | : पुरस्कार प्राप्त लाभ। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : नयाँ कार्य हुने। |
| तुला | : वाद विवादबाट बच्नु। |
| वृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : बौद्धिक क्षमता। |
| कुम्भ | : अवसर प्राप्त। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पर्सामा औषधि व्यवसायी संघको सिण्डिकेट

**रञ्जन यादब**

कलैया । नेपाल औषधि व्यवसायी संघ पर्साले पर्सा जिल्लामा सिण्डिकेट लागु गरेको छ।

संघले संस्थाको सदस्यता नलिएका वा तोकेको मूल्य भन्दा कममा बिक्री गर्ने औषधि व्यवसायीहरुको अस्तित्व नै समाप्त पार्ने तर्फ लागेको पाइएको छ । वीरग्जज महानगरपालिका बिर्तास्थित सम्यक ग्रुप अफ हेल्थकेयर प्राइभेट लिमिटेडले फार्मेसी युनिटले आफनो संघको सदस्यता नलिएको भन्दै उसँग कारोबार नगर्न खुल्ला रुपमा आह्वान गरेको छ।

नेपाल औषधि व्यवसायी संघ पर्साले बिहीबार जारी गरेको विज्ञाप्तिमा सम्यक ग्रुप अफ हेल्थकेयर प्रा.लि ,फार्मेसी युनिटले यस संघको सदस्यता नलिइ संघले बारम्बार आग्रह गर्दा पनि अटेरी गरी संघको विधान र मर्यादा विपरीत व्यवसायिक कारोबार गरिरहेको भनेको छ।

अर्को सुचना जारी नहुन्जेलसम्मको लागि उक्त फर्मसँग नगद वा उधारोमा औषधि बिक्री वितरण नगर्न सूचना निकालेर खुल्ला रुपमा सम्पूर्ण औषधि व्यवसायीहरुलाई आग्रह गरेको छ। संघले जारी गरेको सूचनालाई मध्येनजर गर्दै कुनै पनि औषधि थोक बिक्रेताले सम्यक ग्रुप अफ हेल्थकेयरलाई औषधि बिक्री गरेका छैनन् ।

नेपाल औषधि व्यवसायी संघ पर्साका महासचिव विश्वराज गौतमले सम्यक ग्रुपले संघका सदस्यता नलिएको कारण आफूहरुले उसँग कारोबार नगर्न आह्वान गरेको स्वीकार गरे । उनले सहायक प्रमुख जिल्ला अधिकारीबाट आफूहरुलाई फोन आएको कारण २/३ दिनमै समस्याको समाधान गर्ने बताए । यसलाई मिडियामा लैजानु पर्ने आवश्यक्ता नरहेको तर्क उनले गरे । यता सम्यक ग्रुप अफ हेल्थकेयर प्रा.लि ,फार्मेसी युनिटका सञ्चालक डा.अमरुल्लाह सिद्धिकीले आफूहरुले सर्वसाधारणहरुलाई राहत हुने मनसायले बजारमा पाइने औषधिको मूल्य भन्दा १० प्रतिशत कम मूल्यमा औषधि बिक्री गर्ने गरेको बताए। बढी मूल्यमा बिक्री गर्न नपाउने तर कम मूल्यमा बिक्री गर्न पाउने अधिकार आफूहरुसँग रहेकाले त्यसको सदुपयोग गर्ने गरेको जानकारी दिए।

औषधि व्यवसायी संघ आफनो अनावश्यक हटबाट पछि नहटे आफूहरु आन्दोलनमा उत्रिन बाध्य हुने बताए। सम्यक ग्रुप अफ हेल्थकेयरमा १ सय १ जना कम्पनीका शेयर सदस्यहरु रहेका छन् । यसका भगिनी सामाजिक संस्थामा सम्यक पथ र सम्यक सहकारी पनि रहेको छ।

# ४४ सुत्रीय मागपत्र बुझाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम। नेकपा बहुमतले मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई ४४ सुत्रीय माग पत्र बुझाएको छ । राष्ट्रियता, जनतन्त्र, जनजिविका सम्वन्धी विभिन्न ४४ सुत्रीय मागपत्र बुझाएको पार्टीका मधेश ब्युरो इन्चार्ज नयनले जानकारी दिएका छन्।

नेकपा बहुमतका नेता कार्यकर्ताहरुले जनकपुरधामको विभिन्न भागको परिक्रमा संगै नारावाजी समेत गरेका थिए । नगरको परिक्रमा नाराबाजी गर्दै मुख्यमन्त्री यादवलाई ज्ञापन पत्र बुझाएको जनाइएको छ।

नेकपा बहुमतका केन्द्रिय सचिवालय सदस्य तथा मधेश ब्युरो इन्चार्ज नयनको नेतृत्वमा पार्टीका नवौं महाधिवेशन आयोजक समिति सदस्यहरु गोबिन्द नारायण , कुमार , बद्री , सुमन , युवा जनस्वयम सेवक नेपालका केन्द्रिय उपाध्यक्ष अविनास कुँवर, अखिल नेपाल महिला संगठनकी केन्द्रिय सदस्य तथा मधेश प्रदेशको संयोजक लक्ष्मी पाण्डे सहितले माग पुत्र बुझाउन मुख्यमन्त्री कार्यालय पुगेका थिए।

माग पत्र बुझाउने क्रममा नयनले तीन तहको सरकार भए पनि अहिलेको पूँजीवादी शासन र सरकार विदेशीको कठपुतली सरकार बनेको, पूँजीपति वर्गको मात्रै अभिभावक रहेको जसको कारण देशको स्वाधीनता गुम्दै गएको बताए । उनले अधिकार भए पनि गरिखाने जनताले आफ्नो नैसर्गिक अधिकार नपाएको, गरिखाने वर्ग अहिले पनि जनजीविकाको साधनबाट बञ्चित रहेको अबस्था हेर्दा देशमा सरकार भएर पनि जनताले सरकार नभएको अनुभुती गरेको आरोप लगाएका थिए।

# फरार सांसदलाई निलम्बन गर्न बेवास्ता

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभा नियमावली मस्यौदा समितिले फौजदारी अपराधका अभियुक्त भइ फरार रहेका सांसदलाई निलम्बन गर्न बेवास्ता गरेको छ। सांसदहरुले फरार रहेका सांसदहरुलाई निलम्बन गरी सेवा सुविधाबाट वञ्चित गर्नुपर्ने समितिको बैठकमा माग गरेका छन् ।

समितिको बिहीबारको बैठकमा बोल्ने सांसदहरूले फरार हुनु भनेको कानून र अदालतको अवज्ञा हुने भएकाले नियमावलीमा उनीहरूलाई निलम्बन गरी सेवासुविधाबाट वञ्चित गर्नुपर्ने माग राखेका छन्।

नियमावलीको मस्यौदामा फरार रहेका सांसदलाई सहजै तलब सुविधा पाउने व्यवस्था राख्न नहुने भन्दै समितिका सदस्यहरूले प्रश्न उठाएका छन्। संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धि ऐन, २०७३ र प्रतिनिधिसभा नियमावली, २०७५ मा फरार रहेका सांसदको निलम्बन र सुविधा सम्बन्धमा कुनै प्रावधान नरहेपछि यसपटक पनि पुरानै व्यवस्थालाई निरन्तरता दिन खोजिएपछि समिति सदस्यहरू विरोधमा देखिएका छन् ।

महोत्तरी-२ बाट निर्वाचित एमाले सांसद लक्ष्मी कोइरी महतोलाई उच्च अदालत जनकपुरले थुनामा राखेर सशस्त्र प्रहरीका सहायक निरीक्षक थमन विकको हत्या मुद्दाको अनुसन्धान गर्न आदेश दिएको थियो । उक्त आदेशको अवज्ञा गर्दै राजनीतिक शक्तिको आडमा संसद् प्रवेश गरेर प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दिएर संसदीय प्रक्रियामै सहभागी भएका थिए।

प्रहरीले उनलाई फरारको सूचीमा रहेकोले अदालतको आदेश पालना गर्नका लागि सहयोग गरिदिन भन्दै संसद् सचिवालयलाई पत्राचारसमेत गरेको छ। कैद भुक्तान नगरी फरार अवस्थामा नै सांसद निर्वाचित भएर आएका नागरिक उन्मुक्ति पार्टीका सांसद अरुण चौधरी पनि संसदीय प्रक्रियामा सहभागी भएका थिए । उनी हाल पक्राउ परेर जेल चलान भइसकेका छन् । यस्तो हुँदाहुँदै नियमावली मस्यौदा समितिले फरार सांसदलाई निलम्बन गर्ने र सुविधाबाट वञ्चित गर्न मौन रहेको भन्दै सबै दलका सांसदहरूले विरोध गरेका छन्।

एमाले सांसद महेश बर्तौलाले कानूनमा फरार सांसदलाई निलम्बन गर्न र सुविधा रोक्ने प्रावधान राख्न कुनै बाधा अड्चन नभएको बताए। 'सांसदका हकमा उच्च नैतिकता, जवाफदेहिता देखाउनुपर्ने हुन्छ । त्यसैले फरार रहेका सांसदहरूका विषयमा नियमावलीमा लेख्नुपर्छ, त्यस्तो लेख्न केही चिजले बाधा गर्छ भन्ने लाग्दैन । फरार सांसदलाई तलब सुविधा दिन रोक्नुपर्छ र निलम्बनको प्रावधान नियमावलीमा राख्नुपर्छ,' उनले भने।

# विद्युतीय चार्जिङ स्टेसनको परीक्षण सञ्चालन

महोत्तरी । बिपी राजमार्गको छेउमै बर्दिबास नगरपालिका-३ गौरीडाँडास्थित इलाका प्रहरी कार्यालय बर्दिबास परिसरमा विद्युतीय चार्जिङ स्टेसन सञ्चालनमा आएपछि विद्युतीय चार्जका सवारीसाधन (इभी) का चालक दङ्ग छन् । यो स्टेसन सञ्चालनमा आएपछि सवारीसाधन चार्ज गर्न निकै सहज भएको इभी सवारी चालकको भनाइ छ।

पूर्वपश्चिम राजमार्गसँगको बर्दिबास-सिन्धुली-काठमाडौँ, बर्दिबास-गाईघाट-चतरा, बर्दिबास-मन्थली-दोलखा र बर्दिबास-घुर्मी-ओखलढुङ्गासँगै खोटाङ र सोलुखुम्बुसम्मको रुटको मुख्य सङ्गमस्थल (बर्दिबास)मै सञ्चालनमा आएको विद्युतीय चार्जिङ स्टेसनले अहिले निकै राहत दिएको हो। अहिले परीक्षणकै क्रममा रहेको चार्जिङ्ग स्टेसनमा सवारी साधनका लाम देखिन्छन्।

चार्ज गर्न पाइएको सहजताले अब इभी साधन नै चलाउने मनस्थितिमा सवारी व्यवसायी देखिन थालेका छन्। यस भेगमा इभी (विद्युतीय चार्जका सवारी साधन) को 'क्रेज' बढ्दै छ । दिनहुँ यस्ता नयाँ साधन सडकमा थपिएका छन्।

"कता होला चार्जिङ स्टेसन भनेर सोधखोज गर्नुपर्ने र रुमलिने स्थिति अन्त्य भएछ", सानो कारका चालक प्रशान्त झाले भन्नुभयो, "यहाँ त सडकको छेउमै परैबाट देखिने ठाउँमा चार्जिङ स्टेसन सञ्चालनमा आएछ, धेरै सजिलो भयो ।" यो स्टेसनको सञ्चालनले इभी साधनको प्रचार र प्रवर्द्धनमा बल पुऱ्याएको झाको ठम्याइ छ।




पहाड, मधेसका विभिन्न सडक सञ्जालको मुख्य सङ्गमस्थल रहेको बर्दिबासमा विद्युतीय चार्जिङ स्टेसन सञ्चालनमा आएपछि इभी सवारीसाधनको प्रयोग र यिनको प्रवर्द्धनमा बल पुगेको यस्ता साधनका धनी र चालकको भनाइ छ । बर्दिबास-३ गौरीडाँडास्थित यो चार्जिङ्ग स्टेसन अत्याधुनिक प्रविधि जडित र एकपटकमा छ वटा सवारीसाधनको चार्ज गर्न मिल्ने भएको हुँदा साधनवालाले लामो समय पर्खन पर्ने अवस्था नरहेको इभी सवारी चालक बताउँछन्।

अहिले परीक्षणका क्रममा रहेको यो स्टेसनमा दैनिक १५/१६ सङ्ख्याका सवारीसाधनले चार्ज गर्दै आएका स्टेसन प्राविधिक सागरमान ताम्राकार बताउनुहुन्छ । "यो स्टेसनमा 'जिविटी' र 'सिसिएस' प्रणालीका अत्याधुनिक मेसिन जडित छन्, 'जिविटी'बाट ठूला र 'सिसिएस'बाट साना सवारी साधन चार्ज गरिन्छन्", स्टेसनको सेवाबारे स्पष्ट पार्दै ताम्राकार भन्नुहुन्छ, "दुवै प्रणालीतर्फ एकपटकमा तीन/तीन सवारीसाधन चार्ज हुन सक्छन् ।" इलाका प्रहरी कार्यालय बर्दिवासले उपलब्ध गराएको जग्गामा स्टेसन निर्माण भई सञ्चालनमा आएको हो। प्रहरी कार्यालय परिसरमै हुँदा स्टेसन सुरक्षा पनि सहज भएको छ।

प्रसिद्ध चिनियाँ कम्पनी 'वाङ् वान डिजिटल इनर्जी कम्पनी' ले निर्माण गरेको चार्जिङ स्टेसन अब चाँडै नेपाल विद्युत् प्राधिकरणलाई हस्तान्तरण गर्ने तयारी रहेको निर्माण कम्पनीको नेपालस्थित प्रतिनिधि दिगो कार्यक्रमका शिव अधिकारी बताउनुहन्छ । "हामीले नेपाल विद्युत् प्राधिकरण र वाङ् वान डिजिटल इनर्जी कम्पनीबीच भएको सम्झौताअनुरुप स्टेसन निर्माण गरेका हौँ, यो अहिले परीक्षण सञ्चालनका क्रममै छ", अधिकारी भन्नुहुन्छ, "अब केही हप्ताभित्रै प्राधिकरणलाई हस्तान्तरण गर्दैछौँ ।"

अहिले परीक्षण अवधिमा समय तालिकाका आधारमा चार्ज शुल्क निर्धारित छ। साँझ ५ बजेदेखि राति ११ बजेसम्म प्रतियुनिट १० रुपैयाँ ४४ पैसा, राति ११ बजेदेखि बिहान ५ बजेसम्म छ रुपैयाँ ६० पैसा र यसबाहेका अन्य समयमा प्रतियुनिट आठ रुपैयाँ २८ पैसा शुल्क लिने गरिएको स्टेसन प्राविधिक ताम्राकार बताउनुहुन्छ।

प्राधिकरण र चिनियाँ कम्पनीबीच मुलुकभरिका ५१ ठाउँमा चार्जिङ स्टेसन निर्माण गर्ने सम्झौता भएअनुरुप बर्दिबासमा यो स्टेसन निर्माण भएर अहिले परीक्षण सञ्चालनमा आएको हो । योसहित जम्मा ३० स्टेसन निर्माण सम्पन्न भइसकेका, १२ वटा कार्यसम्पन्नको अन्तिम चरणमा रहेका र नौ ठाउँको जग्गा प्राप्तिमा विलम्ब हुँदा काम सम्पन्न हुन अलि पछि परेको वाङ् वान डिजिटल इनर्जी कम्पनीका नेपालस्थित प्रतिनिधि अधिकारीको भनाइ छ।

पछिल्लो समय इभी सवारी साधनको 'क्रेज' बढ्दै गएकाबेला मधेस प्रदेशको मध्य भागमा पर्ने बर्दिबासमा चार्जिङ स्टेसन सञ्चालनमा आउनुले यस्ता साधनको प्रवर्द्धनमा सहयोग पुगेको सवारी व्यवसायीको भनाइ छ ।रासस

# पर्साको ओरिया खोलामा भेटिए दुई सीमास्तम्भ

पोखरिया । नेपाल भारत सीमाबाट हराएका भनिएका दुई सीमास्तम्भ पर्साको जगरनाथपुर गाउँपालिकास्थित ओरिया खोलामा भेटिएको छ।

जगरनाथपुर गाउँपालिका-१ पिपरडारीस्थित ओरिया खोलाबाट हराइरहेका सीमास्तम्भ भेटिएपछि आजै जिल्ला सुरक्षा समितिको बैठक बोलाइएको छ।

जिल्ला सुरक्षा समिति पर्साले ओरिया खोला क्षेत्रमा नदीजन्य पदार्थ (बालुवा) उत्खनन नगर्न भारतीय पक्षसँग आग्रह पनि गरिसकेको छ। ओरिया खोलामा भारतीय पक्षले ठेक्का लगाएर दिनहुँजसो बालुवा उत्खनन गर्दै आएको छ।

खोलामा बालुवा उत्खननका क्रममा पुरिएको अवस्थामा सीमास्तम्भ भेटिएपछि ओरिया खोलाको विवाद फेरि बाहिर आएको हो । खोलामा सीमास्तम्भ भेटिएपछि भूमि भारतकै हो कि नेपालतर्फको भन्ने बारे यकीन नभएकाले सुरक्षा निकायको माथिल्लो तहमा कुरा राख्नुपर्ने भएका कारण उत्खननमा रोक लगाइएको सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलियाले जनाउनुभयो।

चार दिनअघि मात्रै ओरिया खोलामा ४२२ नम्बरको मुख्य सीमास्तम्भ भेटिएको थियो भने हाल ४२२/१ नम्बरको सहायक सीमास्तम्भ खोलामै भेटिएको थपालियाले बताउनुभएको छ। जगरनाथपुर गाउँपालिका-१ पिपडारी हुँदै भारततर्फ जाने ओरिया खोलामा धमाधम सीमास्तम्भ भेटिन थालेपछि प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीको नेतृत्वमा जिल्लास्थित नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत सुरक्षा निकायका प्रमुख तथा स्थानीय पालिकाका प्रमुखले स्थलगत अवलोकन गरेका थिए।

त्यसलगत्तै पहिलेदेखि नै विवादित बन्दै आएको ओरिया खोलामै हराएका सीमास्तम्भ भेटिएपछि त्यसबारे आवश्यक छलफल गर्ने तयारी भइरहेको प्रमुख जिल्ला अधिकारी रेग्मीले जानकारी दिनुभयो।

जगरनाथपुर गाउँपालिका अध्यक्ष श्रीकान्त यादवले दशगजा क्षेत्रमा रहेको ओरिया खोलामा सीमास्तम्भ भेटिएपछि अब सम्बन्धित निकायले आवश्यक कदम चाल्नुपर्नेमा जोड दिँदै वर्षौंदेखि भारतीयतर्फको ठेकेदार पक्षले ओरिया खोलामा दैनिकरुपमा उत्खनन गर्दै आएको बताउनुभयो ।रासस

# पर्सामा सात हजार करदाता थपिए




वीरगञ्ज । चालु आर्थिक वर्ष २०७९/८० को छ महिनाको अवधिमा पर्सामा सात हजार नौ सय ४१ करदाता थपिएका छन्।


आन्तरिक राजस्व कार्यालय वीरगञ्जका अनुसार चालु आवको साउनदेखि पुस मसान्तसम्ममा प्यानतर्फ पाँच हजार पाँच सय ९२, आयकरतर्फ एक हजार छ सय ७४, मूल्य अभिवृद्धि करतर्फ पाँच सय २२ तथा अन्तःशुल्कतर्फ एक सय ३३ करदाता थपिएका छन्। योसँगै पर्सामा करदाताको सङ्ख्या एक लाख २४ हजार तीन सय पाँच पुगेको आन्तरिक राजस्व कार्यालयका सूचना अधिकारी तथा कर अधिकृत सञ्जय सरदार क्षेत्रीले जानकारी दिनुभयो। पर्सामा प्यानतर्फ सबैभन्दा बढी ७९ हजार २३, आयकरतर्फ ४० हजार चार सय १०, मूल्य अभिवृद्धि करतर्फ १० हजार एक सय ३६ तथा अन्तःशुल्कतर्फ एक हजार नौ सय ५१ करदाता रहेका छन्।

यसैबीच बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह नगर्दा चालु आव २०७९/८० को छ महिनाको अवधिमा आन्तरिक राजस्व कार्यालय वीरगञ्जको राजस्व सङ्कलनमा कमी आएको छ । सो कार्यालयका अनुसार चालु आव २०७९/८० को छ महिनाको अवधिमा रु चार अर्ब ७३ करोड १६ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा ६६ दशमलव ६१ प्रतिशत अर्थात रु तीन अर्ब १५ करोड १६ लाखमात्र सङ्कलन भएको छ।

चालु आवको छ महिनामा अन्तःशुल्कतर्फ रु एक अर्ब ३१ करोड ९५ लाख २९ हजार, आयकरतर्फ रु एक अर्ब चार करोड ८८ लाख ६९ हजार, मूल्य अभिवृद्धिकर तर्फ रु ७३ करोड ६७ लाख ६६ हजार, ब्याजकरतर्फ रु दुई करोड ४० लाख २३ हजार र घरबहाल करतर्फ रु दुई करोड २४ लाख ९९ हजार राजस्व सङ्कलन भएको सूचना अधिकारी क्षेत्रीले जानकारी दिनुभयो।

बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह नगरेको तथा विभिन्न सामानको आयातमा सरकारले गरेको प्रतिबद्धलगायतका कारणले राजस्व सङ्कलन घटेको क्षेत्रीको भनाइ छ। आव २०७८/७९ मा सो कार्यालयले रु नौ अर्ब ४४ करोड ४५ लाख ७५ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा लक्ष्यको ९२ दशमलव ३० प्रतिशत अर्थात् रु आठ अर्ब ७१ करोड ६९ लाख ६० हजार सङ्कलन गरेको थियो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

## किसानलाई कृषि मिटर निशुल्क देउ

मधेश प्रदेशबाट सर्वाधिक मानिस वैदेशिक रोजगारमा गएका छन् । जनशक्ति विदेशिएपछि मधेश प्रदेशमा कृषि कार्य अत्यधिक प्रभावित भएकोछ । मधेश प्रदेशमा बसोबास गरिरहेकाहरु मध्ये पनि धेरैले कृषिकर्म छाडेर अन्य व्यवसायमा लागेका छन् । मधेश प्रदेशको समृद्धिको प्रमुख आधार कृषि नै हो । कृषिलाई आयमुखी बनाउन सके विदेशिएका जनशक्ति पनि स्वदेशमा फर्केर कृषिकर्ममा लाग्न सक्छन् । तर त्यसका लागि किसानलाई सिंचाइको समुचित प्रबन्ध हुनु आवश्यक छ। किसानले चाहेको बेला खेतमा पानी हाल्न पाउन सक्नु पर्छ। समयमा उन्नत बीउ र गुणस्तरीय मल पाउनु पर्छ। किसानको समृद्धिको विषयमा छलफल गरेर मात्र पुग्दैन्। किसानले भोग्नु परिरहेको समस्या समाधानका लागि ठोस पहल आवश्यक छ । किसानका लागि भनेर धेरै छलफलहरु हरेक वर्ष हुने गर्छ। तर खेत बाँझै हुन्छ । समयमा खेतमा सिंचाइ हुन नसक्दा बाली लगाउन सकिदैन् । कतिपय बेला लगाएको बालीमा फल लाग्दैन्। कतिपय बेला रोग लागेर मर्छ। कतिपय बेला मल नपाएर बाली सप्रिदैन्। केही गरी बाली सप्रे पनि किसानले उचित मूल्य पाउँदैनन् । बाली उत्पादनमा लागेको खर्च बराबरको मूल्य समेत नपाउँदा किसानले सडकमा बाली फाल्न बाध्य हुन थालेका छन् । उखु किसान, तरकारी किसानको अवस्था अत्यन्त पीडादायी छ। धान र गहुँ मात्र उत्पादन गर्ने किसानले जग्गालाई बाँझो नछाड्ने बाहेक केही गर्न सकेका छैनन् । बैंकबाट ऋण लिएर खेती गर्ने र मूल्य नपाउँदा जग्गा बेचेर ब्याज र किस्ता तिर्न किसान बाध्य छन् । मधेश प्रदेशमा हरेक बालीका लागि उपयुक्त जमिन छ। तर सिंचाइ सबै जमिनमा पुगेको छैन् । सिंचाइ भएका जिल्लाको पालिकाहरुमा किसानले राम्रो खेती गरेको देखिन्छ । तर उनीहरुले लागत उठ्ने मूल्य नपाएर खेती छाड्न थालेका छन्। देशको ठूलो जनसंख्या कृषिमा आश्रित छन् । तर नेपालीहरु आफ्नै देशमा उत्पादन हुने चामल, दाल, गहुँ, मकै, तरकारी उपभोग गर्दैनन् । अर्बौ रुपैयाको अन्न र तरकारी विदेशबाट मगाइन्छ । भारतको सीमावर्ती बजारको भन्दा नेपालको सीमावर्ती बजारको कृषि उत्पादन केही महँगो हुने गरेको छ । त्यसको प्रमुख कारण भारतीय किसानलाई सरकारले सिंचाइ, बिजुली, बीउबिजन, मलखादमा भारी सहुलियत दिएकोछ। किसानको बालीको वीमा र लागतको भन्दा बढी मूल्यमा खरिद पनि सरकारले गर्छ। त्यसकारण भारतमा उत्पादन बढी हुने र नेपाली बजारमा सस्तोमा निर्यात गरिन्छ। नेपालमा रहेको तीन तहको सरकारले किसानको समस्यालाई सम्बोधन गरे कृषिजन्य उत्पादन आयात गर्नु पर्ने छैन्। विदेशमा रहेका जनशक्ति स्वदेशमै रोजगारी पाउने छन्। मधेश प्रदेश सरकारको कृषि मन्त्रालयले किसानका लागि बिजुलीको मिटर निशुल्क उपलब्ध गराएर मोटर उपलब्ध गराउनु पर्छ । बोरिंगको सुविधा दिएर वर्षभरिमा उठने मिटरको रकम समेत सरकारले तिर्ने व्यवस्था भए किसान खेतीप्रति आकर्षित हुन सक्छन्।

# भावी राष्ट्रपति : कस्तो पात्र उपयुक्त होलान् ?



ललित कुमार यादव

नेपाली राजनीतिमा यतिवेला राष्ट्रपतिमा कुन दलले बाजी मार्ला भन्नेम विषयको चर्चा र परिचर्चाले प्रमुख स्थान ओगटेको छ । त्यसै गरि भावी राष्ट्रपति का लागि को र कस्तो पात्र उपयुक्त होलान्, भन्ने बहसले प्राथमिकता पाएको छ । प्रधानमन्त्री दाहाललाई काँग्रेसले विश्वापसको मत दिँदा नैएमाले अध्यसक्ष ओलीले काँग्रेसले ढोक्सा थापेको आशंका गरेका थिए। काँग्रेसले थापेको त्यो ढोक्सामा राष्ट्रपति रुपी माछा पर्छ कि पर्दैन ? हेर्न बाँकी छ। नेपाली राजनीतिमा अहिले चलेको चर्चा यो पनि हो । यसले नै गठबन्धन भविष्यि रस्थिरता कायम हुने, नहुने तय गर्नेछ।

गत मंसिर ४ मा सम्पन्ना निर्वाचन पछि पानी बाराबार को स्थितिमा रहेका एमाले अध्यक्ष ओली र माओवादी अध्यक्ष दाहाल गत पुस १० मा विगतको तिक्तता मेटाउने गरिसत्ताको गुलियो रस खान एकै ठाउँमा आइपुगे । उक्त दिन बालकोटको बार्दलीमा भएको सहमति अनुसार दाहाल प्रधानमन्त्री बनेका छन्।अन्य महत्वपूर्ण पदहरुमा सत्ता गठबन्धनकै उम्मेदवारहरु निर्वाचित भइसकेका छन् । काँग्रेस प्रदेश देखि केन्द्रसम्म सत्ता शक्तिको अभ्यासबाट बन्चित रहनु परेकोछ।

गठबन्धनमा भएको सहमति अनुसार अब एमालेले राष्ट्रचपति र माओवादीले उपराष्ट्र पति पाउन बाँकी छ।तर ओली र दाहालबीच बलियो विश्वानसको वतावरण बन्दै जानुको सट्टा अविश्वापस र आशंका बढदै गएको छ । खासगरी भावी राष्ट्रपतिको चयनमा माओवादीको भूमिका र त्यसपछि ओलीको भूमिकाको अनुमानलाई लिएर यी दुई नेताबीच अविश्वासस र आशंका बढदै गएको देखिन्छ।काँग्रेससँगको गठबन्धन भत्काएर प्रधानमन्त्री बनेका दाहाललाई प्रमुख प्रतिपक्ष दल काँग्रेसले पनि विश्वा सको मत दिनाले ओली सशंकित छन् भने राज्यका सबै मुख्यर पद एमालेको भगमा पर्दा आफुलाई पर्न सक्ने अप्ठ्यारो सँग दाहाल डराएका छन्।

उपसभामुखको निर्वाचन सकिएसँगै अब सबै दल राष्ट्रमपति निर्वाचनमा केन्द्रित भएका छन् । वर्तमान गठबन्धनले इमान्दारीता देखाएमा वा माओवादीले राष्ट्रकपतिमा काँग्रेस उम्मेदवारलाई नसघाएसम्म ँकाँग्रेसको ढोक्सा रितै हुनेछन भन्नेच आफ्नै भनइमा एमाले अध्य क्ष ओली ढुक्कठ देखिएका छन् ।तर सर्वदलीय बैठकमा प्रधानमन्त्री दाहालले राष्ट्र्पतिमा राष्ट्रि य सहमतिको सहजकर्ता बन्नय चाहेको बताएर काँग्रेससँग निकट हुन खोजेको संकेत गरेपछि भने ओली राष्ट्रआपति निर्वाचनमा माओवादीबाट हुन सक्ने धोकालाई लिएर आशंकित छन्।

दाहालसँग राजनीतिक बेइमानी गर्दा प्रधानमन्त्री र सत्तापक्ष गुमाएको काँग्रेस सभापति देउवा संविधानको धारा ७६ (३) को उपयोग गरेर प्रधानमन्त्री बन्न खोजेका थिए र छ । सफल नभएपछि प्रधानमन्त्री दाहाललाई विश्वीसको मत दिएर काँग्रेसलाई सत्तापक्ष कि प्रतिपक्षकोआशंकाको अवस्थामा समेत पुर्योए। काँग्रेस सभापति देउवा हरहालतमा एमाले माओवादी गठबन्धन भत्काउन चाहेका छन् ।

पछिल्लो समयमा सभामुख र उपसभामुख निर्वाचनमा उम्मेदवार उठाएपनि काँग्रेसले यी दुवै पद गुमायो । अब राष्ट्र पति निर्वाचनमा आफ्नो उम्मेदवार उठाएर राष्ट्रिय सहमतिको नाममा राष्ट्रपति पाउने ध्याउन्नयमा काँग्रेस लागेको छ । राष्ट्रपतिको निर्वाचनमा माओवादीको मत तान्ने र त्यहीँबाट ओली दाहालबीच खटपट गराई सत्ता उलटफेरको बदला ओलीसँग लिने दाउमा काँग्रेस सभापति देउवा छन् ।

जनताको मतदानबाट निर्वाचित भएका प्रतिनिधिहरु अर्थात सांसदहरु ले सरकार बनाउने र त्यसरी बनेको सरकारले जन अपेक्षा, चाहना र आवश्यकता अनुसार शासन गर्ने प्रणाली संसदीय शासन प्रणाली हो।संसदीय शासन प्रणालीमा व्यवस्थापिका अर्थात संसद सर्वोच्च हुन्छ। मुलुकको सम्पूर्ण कार्यकारी अधिकार सरकार प्रमुख अर्थात प्रधानमन्त्रीमा निहित रहेको हुन्छ । राष्ट्रप्रमुख अर्थात राष्ट्रपति आलंकारिक हुन्छ ।

राष्ट्रपतिको पद कार्यकारी पद होइन । संविधान र संघीय कानुन भन्दा बाहिर गएर कुनै कार्यसम्पादन गर्ने अधिकार राष्ट्रपतिसँग हुँदैन् । तर पछिल्लो समयमा राष्ट्रोपति पद पनि एउटा शक्तिकेन्द्रको रुपमा देखिन थालेको छ।शक्तिको मूल जरो राष्ट्रपतिमा रहेको बुझाइको विकासपछिल्लो समयमा दलहरुमा हुन पुगेको छ।

दलहरुले आफ्नो तजबिजमा अध्यादेशको भरमा सत्ता सञ्चाललन गर्दै आएका छन् । पछिल्लो समयमा आफ्नै शैलीमा शासन गर्न प्रधानमन्त्रीसँगै सभामुख र राष्ट्रपति समेत आफ्नै हुनुपर्ने मानसिकताको विकास दलहरुमा भएको छ । त्यसैले त्यस्तो शक्तिशाली पद छोड्न नहुने पक्षमा दलहरु रहेका छन् । पछिल्लो १५ वर्षमा राष्ट्रपतिहरुले निर्वाह गरेको भूमिकाबाट राष्ट्रदपति आफ्नो हुनु/नहुनु को घाटा/नाफाको मूल्यांकन दलहरुले राम्ररी गरि सकेका छन्।

> *राष्ट्रपतिको पद कार्यकारी पद होइन। संविधान र संघीय कानुन भन्दा बाहिर गएर कुनै कार्य सम्पादन गर्ने अधिकार राष्ट्रपतिसँग हुँदैन् । तर पछिल्लो समयमा राष्ट्रोपति पद पनि एउटा शक्ति केन्द्रको रुपमा देखिन थालेको छ। शक्तिको मूल जरो राष्ट्रपतिमा रहेको बुझाइको विकासपछिल्लो समयमा दलहरुमा हुन पुगेको छ। दलहरुले आफ्नो तजबिजमा अध्यादेशको भरमा सत्ता सञ्चाललन गर्दै आएका छन् ।*

प्रधानमन्त्री दाहाल आफ्नो सत्तायात्रालाई सहज बनाई दिने राष्ट्ररपति खोजेका छन्, भने ओली दोस्रो खेपमा आफु प्रधानमन्त्री बन्नस र त्यसपछि शक्तिशली सरकार प्रमुख बन्न् आफ्नै कोठरीको राष्ट्रपति खोजेका छन् । उता देउवा सत्तामा फर्किने आसमा वा नफर्किए ओली प्रधानमन्त्री बन्दा लगाम लगाउन आफ्नो ढोक्सामा राष्ट्र पतिरुपी माछा पार्न खोजेका छन् ।

अहिलेको सरकार संविधानको धारा ७६(२) अनुसार बनेको सरकार हो।यसपछि बन्नेग सरकार संविधानको धारा ७६(३) अनुसारको बन्नेछ।संविधानको धारा ७६(३) मा राष्ट्रछपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरु भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ भनेर लेखिएको छ। हालको संसदमा सबभन्दा ठूलो दलको संसदीय दलको नेता काँग्रेस सभापति देउवा हुन, एमाले अध्यक्ष ओली होइनन्।

एमाले माओवादीको सहमति अनुसार अढाई वर्षपछि माओवादी अध्यक्ष दाहालले एमाले अध्यक्ष ओलीलाई सत्ता हस्तान्तरण गर्नु पर्नेछ ।तर दाहाल र ओलीले सोचे जस्तै सहजै सत्ता हस्तान्तरण नहुन सक्छ । प्रधानमन्त्री दाहालले चाहँदा पनि सहज वातावरणमै सत्ताको नेतृत्व लिन अगावैओलीले सबभन्दा ठूलो दलको संसदीय दलको नेताको हैसियत प्राप्तज गर्नुपर्ने हुन्छ । त्यको लागिनेकपा एससँगपार्टी एकिकरणर केही स्वतन्त्र सांसदलाई पार्टी प्रवेश गराउनु वा माओवादीसँगै पार्टी एकिकरण गर्नु बाहेकको विकल्प छैन, ओलीसँग।तर यी विकल्प सम्भव नभए अन्तः राष्ट्रपतिको सहारा लिएर भए पनि दाहालबाट आफुमा सत्ता नेतृत्व सार्ने सोचमा ओली छन् । त्यसकै लागि ओलीलाई राष्ट्रपति नभई भएको छैन् ।

उता काँग्रेस सभापति देउवा पनि सरकार निर्माणको प्रक्रिया संविधानको धारा ७६(३) मा प्रवेश गर्दा राष्ट्रपति आफ्नो भएमा ओलीलाई साइड लगाएर सत्ता नेतृत्व लिने सोचमा छन् । त्यहीँ भएर काँग्रेसलाई पनि राष्ट्रपति नभई भएको छैन् । विगतदेखि नै दलहरुबीच राष्ट्रपतिको लागि तँछाडमछाड चल्दै आएको छापछिल्लो समयमा राष्ट्रपतिले प्रयोग गर्ने अधिकारको दुरुपयोग बढेसँगै दलहरुको तँछाडमछाड पनि बढेको छ।सरकार निर्माणको हकमा धारा ७६ (५) अन्तर्गत सरकारको नेतृत्व गर्न कुनै व्यक्तिलाई प्रधानमन्त्री नियुक्त गर्नुपर्यो भने राष्ट्रपतिले गर्न सक्नुहुन्छ । यसले पनि दलहरुलाई आफ्नै राष्ट्रपति नभई भएको छैन्।

अहिले मुलुकभित्रका राजनीतिक शक्तिहरुले मात्र होइन मुलुक बाहिरका शक्ति केन्द्रहरुले समेत राष्ट्रपतिको निर्वाचनलाई निकै चासोका साथ हेरिरहेका छन् । एमाले अध्यक्ष ओलीको भनाइलाई मान्नेर हो भने अहिलेको सरकार नेपालीले बलजफ्ती बनाएको हो।उनकै भनाइलाई आधार मान्दा नेपालमा सरकार बनाउन मुलुक बाहिरका शक्ति केन्द्रहरु हाबी हुँदै आएको र तिनीहरुकै स्वार्थअनुसारको सरकार बन्दै आएको सजिलै बुझिन्छ । अहिलेको सरकार आफ्नो स्वार्थअनुरको बनाउन नसकेका तिनै मुलुक बाहिरका शक्ति केन्द्रहरुले पनि अहिले राष्ट्रपति पदलाई अत्यन्त महत्व दिएका छन्।

नेपालको संविधान वा संघीय कानून बमोजिम राष्ट्रषपतिलाई प्राप्तम अधिकारको प्रयोग वा कर्तव्यको पालन गर्दा संविधान वा संघीय कानून बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानी साथ व्यवस्था भएको कार्य बाहेक अन्य जुनसुकै कार्य मन्त्रीपरिषदको सिफारिस र सम्मतिबाट प्रधानमन्त्री मार्फत पेश भएको सिफारिस र सम्मिति बमोजिम मात्र गर्नुपर्ने संविधानमा प्रष्टसँग लेखिएको छ। त्यस्तै संविधानमा राष्ट्रशपतिको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकार पत्रको प्रमाणीकरण संघीय कानून बमोजिम हुनेछ, भनि लेखिएको छ ।

संविधानमा ँसंविधानको पालन र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ भनिएकोमा हाम्रा राजनीतिक दलहरुले राष्ट्रकपतिलाई संविधानको संरक्षक मात्र त कहिले संविधानको व्याख्यता समेत बनाए। त्यो पनि आफ्नो स्वार्थ अनुसार। कतिपय अवस्थामा राष्ट्र पतिले आफ्नो अधिकारको प्रयोग वा कर्तव्यको पालन गर्दा संविधानको पालन गर्नु पर्ने आफ्नै प्रमुख कर्तव्य बिर्सिएको समेत देखियो। संविधानको पालन गर्नु पर्नेमा आफ्नो पुरानो दलको नेताको निर्देशन पालन गरेको समेत देखियो।आफ्नो पार्टीको सरकार हुँदा पारित गरिदिने, नहुँदा अध्यारदेश रोकिदिने काम पनि राष्ट्र पतिबाट भयो ।

०६४ बाट राष्ट्राध्यरक्षको नयाँ व्यवस्थ सुरु गरेदेखिहालसम्ममा दोस्रो राष्ट्रपतिको कार्यकाल पुरा हुन लागेको छ। वर्तमान राष्ट्रपतिकै कार्यकालको कुरा गर्दा राष्ट्रपति विवादमा तानिने क्रम बढेको देखियो । सरकारले जारी गरेका अध्यादेश र संसदले पारित गरेका विधेयक राष्ट्रपतिले थन्क्याइदिइन् । राष्ट्रपतिले न त्यसलाई फिर्ता गर्नुभयो न त प्रमाणीकरण नै गर्नु भयो । जबकी संविधानमै बिधेयक प्रमाणीकरण वा फिर्ता गर्नुपर्छ भनेर लेखिएको छ।

दुवै राष्ट्र पतिका कार्यकालको मुल्यांकन गर्दा आलंकारिकमा सिमित रहन नसकेको देखिन्छ। पहिलो राष्ट्रषपतिको कार्यकाल सुरू भएको नौ महिनामै राष्ट्रपति विवादमा तानिए त्यो क्रम अहिले दोस्रो राष्ट्रषपतिको कार्यकाल सकिनै लाग्दासम्म पनि निरन्तरता पाएको छ। बेलाबखतमा राष्ट्रपति सक्रिय भूमिकामा पनि देखिने गरेको छ।

राष्ट्रापतिमा सबै दलले आँखा लगाए पनि कुनै दलले राष्ट्रपतिको अधिकारीक उम्मेदवार अगाडी सारेका छैनन्। विभिन्नै दलमा विभिन्नै नेताको चर्चा भने चलेको छ । यस बीचमा गैरदलीय व्यक्तीलाई राष्ट्रपति बनाउनुपर्ने चर्चा पनि नचलेको होइन। केही पूर्व प्रधानन्यायाधीश र न्यायाधीश लगायतका केही स्वतन्त्र व्यक्तिहरु समेतको चर्चा चलेको छ।तर स्वतन्त्र व्यक्तिको नाममा वा अरु कुनै वहानामा शक्ति सन्तुलननै बिग्रिने गरि न्यायपालिकाबाट राष्ट्रपतिमा छलाङ मार्ने अवसर दिनु हुँदैन् । त्यसै स्वतन्त्र व्यक्तिको नाममा राजनीति नै नबुझेको व्यक्तिलाई राष्ट्रपति जस्तो राजनीतिक पदमा पुर्यावउनु पनि युक्तिसंगत हुँदैन्।

संविधानतः आलंकारिक राष्ट्र पति दलगत स्वार्थमा हिँडदा राष्ट्र पति शक्तिशाली पद देखियो। अब प्रश्न् उठछ भावी राष्ट्रपतिका लागि को उपयुक्त पात्र हुन सक्छन्? संविधानतः कुनै पनि राजनीतिक दलमा नहुने राष्ट्रपतिका लागि व्यबहारतः पनि कुनै दलमा नरहने, राजनीतिक दलबाहिरको व्यक्ति भए राजनीति बुझेको, मुलुकले सम्मान गर्नै पर्ने साझा र जसको नाममा राष्ट्रिय सहमति कायम हुन सक्छ त्यस्ता व्यक्ति नै उपयुक्त पात्र हुन सक्छन्।

अहिले राष्ट्रपतिमा राष्ट्रिय सहमति हुनु पर्ने काँग्रेसको भनाई छ भने एमालेले अगाडी सार्ने उम्मेदवारको नाममा राष्ट्रिय सहमति कायम हुनुपर्ने एमाले अध्यक्ष ओलीको भनाई छ। त्यसतै प्रधानमन्त्री दाहाल राष्ट्रिय सहमतिको सहजकर्ता बन्न चाहेका छन्। तर राष्ट्रिय सहमतिको नाममा राष्ट्रपति पदको गरिमा र महत्व नै बुझ्न नसक्ने व्यक्तिलाई राष्ट्रपतिको पद सुम्पिनु हुँदैन्।

नयाँ संविधान जारी भएपछि पनि राज्यशक्तिको प्रयोग गर्ने शीर्ष संस्थाहरुको नेतृत्व गर्ने ब्यक्तित्वहरुको काम र व्यबहारले उपयुक्त पात्रको चयन र स्वस्थ एवं असल अभ्यासको खाँचो रहेको देखिन्छायो सरकारले विभिन्न कानुनको तर्जुमा, वैदेशिक सम्बन्धमा सुधार र सन्तुलन, आर्थिक समस्याको समाधान, सुशासन, संविधानवाद र कानुनी शासन स्थापित, संघीयताको सबलिकरण लगायतका प्राथमिकताका साथ गर्नुपर्ने कामहरुको चाड्नै छायी कार्यहरु सम्पन्नथ गर्न स्थायित्व अपरिहार्य छास्थायित्वका लागि ओली दाहालबीच खटपट हुनु हुँदैन् । राष्ट्रपतिको निर्वाचनमा गोप्य मतदान हुने भएकोले गठबन्धनमा सहभागी दलहरुले निर्वाचनमा इमान्दारी देखाउनुपर्छ, खासगरी माओवादीले इमान्दारी देखाउनै पर्छ।

राष्ट्र पति एउटा पदमात्र होइन्।नेपालको राष्ट्राध्यक्ष, राष्ट्रिय एकताको प्रवर्द्धक, संविधानको संरक्षक, नेपाली सेनाको परमाधिपति र प्रथम नागरिक पनि हो । राष्ट्रपतिको गरिमा र महत्व दलहरुले नबुझेका होइनन्, तर बुझ पचाउन खोजेका चाहिँ पक्कै हुन्। तसर्थ दलहरुले बुझ नपचाइ राष्ट्रपतिको गरिमा कायम राख्नव सक्ने उपयुक्त पात्रलाई राष्ट्रपतिमा चयन गर्न सक्नु आजको आवश्यकता हो ।

# पारिवारिक विखण्डन र आजको समाज



डा.रेवतीरमण लाल

एक पटक काठमाडौंमा एउटा प्राध्यापकले जो जनकपुर तिर कै हुनुहुन्थ्यो आफनो कथा यसरी सुनाउनुभयो । एक पटक उहाँ जनकपुरबाट काठमाडौं पुग्दा उहाँका केही पढन आउने विद्यार्थीहरुले सोध्यो “सर, यसपाली त आफ्नो परिवार पक्कै ल्याउनु भएको होला । प्राध्यापक जीले भन्नुभयो- “होइन, परिवार कसरी ल्याउने ।”

अनि केही बेरपछि प्राध्यापक जीको स्वास्नीले चिया लिएर आएपछि विद्यार्थीहरुले अवाक भए । केही छिन पछि उनीहरुले प्राध्यापक जीलाई सोधे- “सर, तपाई त परिवार ल्याएकै छैन भन्नुभयो तर तपाईको परिवारले त चिया ल्यादियो, यो केहो ? हामीसँग तपाई पनि भूठो कुरा गर्नुभयो ।”

त्यसपछि प्राध्यापकजी रीसले भकभकाउदै भन्नुभयो-“ ये मुर्खहरु, परिवार भनेपछि तिमीहरु के बुझ्छौं ? परिवार भनेको स्वास्नी मात्र हुन्छ र ? परिवार भनेको आमा, बुआ, भाई, बहिनी, दाजू भाउजू आदिल सबै हुन्छन नि ! यति पनि थाहा छैन तिमीहरुलाई ?”

**प्राध्यापक जीको यो कुरा सुनेर सबै छात्रहरु छक्क परे ।**

यही नै आधुनिक परिवारको अवधारणा जो आधुनिकता तिर अग्रसर हाम्रो समाजका पाइलाहरु हाम्रो संयुक्त परिवारको अवधारणाबाट टाढा गरी दिएको छ ।

भनिएको छ ईटा, सिमेन्ट एवं रोडा-पत्थरबाट घर त बन्छ परिवार होइन । परिवार बनाउन त्यसको निर्माणको लागि आमा बुबा, भाई बहिनी, दीदी दाजू, लोग्नेस्वास्नी र केटोकेटीको पनि आवक्ता हुन्छ ।

तर प्रारम्भ देखि नै हाम्रो समाजमा संयुक्त परिवारको संस्कृति रहेकोमा आधुनिकको नाममा पाश्चात्य संस्कृतिले गर्दा हाम्रो समाजमा एकल परिवारको जरो गाडेको छ । यसले गर्दा एकलै बस्ने इच्च्छा बोकेका मानिसहरुद्वारा यस एकल परिवारलाई राम्रो सम्झेर यस प्रथालाई प्रमुखता दिएका थिए। यसै कारणले संयुक्त परिवार विखण्डन तिर अग्रसर भयो। तर मैथिलीमा यो कहावत छ कि “दुरक ढोल सोहाओन” । यो ढोलको आवाज केही समयसम्म मात्र मीठा लाग्छ यो हामीले बुझ्नु जरुरी छ ।

तर यस परिवर्तनको लागि जिम्मेदार हामीलाइ यसको मुल्य त चुकाउनै पर्छ र भौतिक कुराहरुको चमक दमकमा हामीलाइ यो रती पनि अनुभव भै रहे छैन। तर हाम्रो मूल्य र मान्यतामा क्रमशः आइ रहेक ह्रासलाइ अनुभव न गरेपनि विखण्डन भइ रहेको मानवीय सम्बन्ध यसको पूर्वाभास भने दी रहेको पाइन्छ ।

ग्लोवलाइजेशन को कारण भौतिकबाद र कैरियरवादले गर्दा हाम्रो हजारौ वर्ष पुरानो सभ्यता र संस्कृतिको साथै परम्पराहरुलाई टुक्रा-टुक्रामा गरी दिएको छ ।

आज कुनै पनि नैतिकता, आदर्शवाद, अर्कालाई सम्मान गर्ने परम्परा, श्रद्धा गर्ने परम्पराबाट कसैलाई केही मतलव रहेन । धन नै आजको सत्रभन्दा ठूलो धर्म बनि सकेको छ । मानवीय सम्बन्धका जराहरु त आस्था, विश्वास र मान सम्मानले नै पलाउँछ । तर आजको समाजमा यी कुराहरु वेमानी- मतलव हीन भै रहेको पाइन्छ ।

यो सत्य हो कि आज हाम्रो आवश्यकता बढदो छ तर धनको लागि यस मनतहीन भागदौडमा आफनो जीवन मूल्यमा ह्रासको सम्भावना बढी देखिन्छ ।

परिवर्तनको यस आँधी बेरीमा त्याग, बलिदान आदर्श आदिको निर्वाह गर्ने परम्परा त कहिले कहाँ हराइ सकेको छ । कुनै कार्य गर्न सबभन्दा पहिलो हामी यो सोच्दछौं कि यसबाट हामीलाई के लाभ हुन्छ । हामी जुन लाभको लागि धनको आवश्यकता बुझी रहेका छौं । त्यो नै वेपता भएको छ । हामी क्रमश आफूबाट, परिवारबाट समेत टाढिदै गइ रहेका छौ त्यो भान हुनुपर्छ ।

हाम्रो आमा बुबा जो कति प्रसन्नताले हाम्रो अंगुली समातेर हिड्न सिकाएको होलान । कमसे कम उनको आँखामा यो सपना त रहेकै थियो होला कि हामी उनको जीवनको अन्तिम खण्डमा उनका साथ न छोडौ । उनका प्रत्येक स-सानो आवश्यकताको पूर्ति गरौं तर आज आफन्तको पर्खाइमा आँखा पथराइ जान्छन र हामी उनलाई भेटन सम्म समय पाउँदैनौ । मानिसलाई जीवनको अन्तिम प्रहरमा यस्तो अवस्थामा पैसा भन्दा आफनो सम्बन्धीहरुको साथ बस्ने बढी आवश्यक हुन्छ । उनीहरुलाई देखभाल, आफना सन्तानहरुसँग वस्नुको साथै मान-सम्मानको आवश्यकता हुन्छ । यो कुरालाई हामी तकीत बुझी रहेको छैनौ अथवा बुझ्न चाहन्नौ ।

महिलाहरुको मनको कुरा सुन्न हामीलाई फुरसत हुँदैन । तर यसको लागि महिलाहरुलाई सम्पूर्ण दिन प्रतिक्षा रहन्छ । एउटी कुण्ठीत आमा आफना बच्चाहरुलाई कुण्ठीत संस्कार नै दिन सक्छिन । जो आज दिइएको छ । त्यै ती केटाकेटीहरुले आफनो भावी पीढिलाई सुम्पी दिनेछ ।

स्वाभिमान, आदर्श, इमान्दारीता, सम्मान आदि वालापनमा पाउने उपहारहरु छन जो बाजे, बजइ, नाना-नानी, काका-काकी आदिबाट माया पाउँदा कथाको रुपमा पाउने परम्परा छ त्यो. त अबको एकल परिवारले खोसी लिएको छ । हामी त्यो कसरी आशा गरौ जो हामीले उसलाई दिएकै छैन । हामी पूर्ण सस्कारी भएतापनि हामी आफनो बुढापाकाहरुलाई यी संस्कारहरुबाट प्रतिफल दीन पाइरहेका छैनौ ।

यसै कारणले केटाकेटीहरुमा अपराधिक मानसिकता बढदै गइ रहेको छ । आमा-बुबा दुवै कामकाजी भएको कारणले आफनो सन्तानहरु माथि ध्यान दिन सकिरहेका छैनन । केटाकेटीहरु दिनभरी कस्ता संगतमा छन त्यो जानकारी आमा-बुबालाई हुँदैन । आफनो सन्तानहरु कसका साथमा र कस्तोका साथमा थिए भन्ने जानकारीसम्म आमाबाबुलाई हुँदैन ।

फलस्वरुप आजकल प्रेम सम्बन्धलाई लिन सकिन्छ । केटाकेटीहरु एक अर्कासँग मायाप्रिती बसाउँछन । कतिले विहेसम्म यस सम्बन्धलाई पुऱ्याउँछन । तर कतिले लिभींग टुगेदरसम्म ल्याउँछ । तर यी प्रेम सम्बन्ध धेरैलाई धेरै दिनसम्म टिक्दैन । अनि केटीको दुरावस्था प्रारम्भ हुन्छ। केटीहरु आफनो मनले केटासँग मायाप्रिती बसालेको र आमा बुबासँग विद्रोह गरी निस्केको हुँदा यस्तो अवस्थामा घर फर्कन पनि उपठयारो र आफनो प्रेमीसँग पनि बस्न गाह्रो भएको हुन्छ। यो अवस्था अत्यन्त संकटपूर्ण अवस्था हुन्छ र महिलाले कहिले काही आत्मदाह, आत्महत्यासम्म गरेको देखिएको छ । यस्तो अवस्थामा त केटीलाई घरको न घाटको अवस्था आएपछि नै दुर्घटना निम्त्याउछिन । यस्ता कुरा अब सामानय भैसकेको देखिन्छ ।

आजकल टेलिभिजनमा पस्किएका सिरियलहरुले गर्दा यस्ता घटनाहरु दिनजानुदिन बढदै गई रहेको पाइन्छ। यो पनि एउटा पारिवारिक समस्याको रुपमा देखा परिरहेको छ । यसमा केटीले आफनो प्रेमीसँगको असन्तुष्टि र भै झगडा भएपछि अरुसँ जान खोज्यो भन केटीलाई नै हत्या गर्नेसम्म घटना प्रकाशमा आएको पाइन्छ।

आज हामी यस्तो चौबाटोमा उभिरहेका छौं जुन ठाउँबाट न त अगाडी बढन पाइरहेका छौ न पछाडी फर्कन पाइ रहेका छौं । पश्चिमी सभ्यता तिर हाम्रो पाइलाहरु यस्तो अवस्थामा अग्रसर छ कि हाम्रो पूर्वीय संस्कृति र सभ्यताबाट टाढा गर्दै गइ रहेको छौ । यसको फलस्वरुप हामीलाइ दुष्कर्म तिर धकेली रहेको देखिन्छ । बलात्कारको घटनाहरुमा बृद्धि भै रहेको छ यसको मुख्य कारणहरु मध्ये पश्चिमी सभ्यताको अनुकरण गर्दै अधनंगा बदनको वस्त्र धारण गर्नु वलात्कारका घटनाहरुमा वृद्धिको यो पनि कारण हो। तर यस्तो पश्चात्य प्रभावमा परेकी महिलाहरुको यस संस्कृति बारे केही कसैले बोल्यो भने महिला संगठन र यस प्रकारका संस्थासँग सम्बन्धित अधिकारकर्मीहरु विरोध गर्ने त्यस्तो मानिस विरुद्ध कडा विरोध गर्ने गरेको पाइन्छ ।

तर पश्चिमी सभ्यताको अनुकरण गर्दा समाजमा प्रवेश पाइ रहेको कुरीतिहरुले पारिवारिक आवस्थामा नराम्रो प्रभाव परिरहेको छ ।

आज हामी जति आधुनिक भएपनि परिवार हाम्रो लागि अति आवश्यक पनि छ । किनकि घरबाट परिवार र परिवारबाट समाजको साथै समाजबाट देश बन्दछ । यो उखान कि ओल्ड इज गोल्ड भने कुरा अर्थहीन भएको छैन । तर आज हाम्रो युवा समाज पुरानो बुढापाकाको विचारलाई असांन्दर्भिक भनी ठाढो अस्वीकार गरी रहेको पाइन्छ । पारिवारिक विखण्डनको यो एउटा सशस्त कारण पनि हुन सक्छ। बुढापाकासँग विस्तृत अनुभव हुन्छ जीवनको अनेक उतार र चढावबाट गुज्रेको हुन्छ र लामो अनुभव हुन्छ जसलाई नकार्ने बृद्धिमानी हुँदैन ।

# सुधारका कार्यक्रम एक साताभित्र पेश गर्न निर्देशन

काठमाडण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले विद्यमान बजेट र कानूनभित्रबाट गर्न सकिने सुधारका कार्यक्रम एक साताभित्र पेश गर्न मातहतका निकायलाई निर्देशन दिएको छ।

चालु आवको दोस्रो त्रैमासिक/अर्धवार्षिक समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा सञ्चारमन्त्री रेखा शर्माले आगामी फागुन ५ गतेभित्र ती कार्यक्रम पेश गर्न निर्देशन दिनुभयो।

वर्तमान सरकार गठन भएपछि जनताले ठूलो आशा र अपेक्षा गरेको जनाउँदै उहाँले जनचाहना पूरा गर्ने योजना बनाउन आग्रह गर्नुभयो। यसअघि मन्त्रालयसमक्ष गरेका प्रतिबद्धता समयमै पूरा गर्नेतर्फ मातहत निकायका प्रमुखको ध्यानाकर्षण गराउँदै उहाँले स-साना विषयलाई तत्काल सम्बोधन गरेर जनतामा आशा जगाउन सकिने बताउनुभयो।

'जे छ त्यसमा प्रभावकारी काम गर्ने प्रयत्न गरौँ, गर्न सकिने योजना ल्याउनुहोस्', सरकारको प्रवक्ता शर्माले भन्नुभयो,"विद्यमान कानून र बजेटअनुसार आफैँले योजना बनाउनुहोस् ।' जनताको सञ्चारसम्बन्धी आधारभूत आवश्यकता पूरा गर्ने जिम्मेवारी मन्त्रालयको काँधमा रहेको जनाउँदै उहाँले तत्काल राजमार्गमा मोबाइल फोन लाग्ने वातावरण सिर्जना गर्न नेपाल दूरसञ्चार कम्पनीलाई निर्देशन दिनुभयो।



'आफैँले गरेको प्रतिबद्धता किन पूरा भएनन्, पूरा नहुने प्रतिबद्धता किन गर्‍यौँ ?' मन्त्री शर्माले प्रश्न गर्नुभयो । पूरा हुने योजना मात्र ल्याउन उहाँले सुझाउनुभयो। 'प्रत्येक निकायबाट तीन/चार वटा योजना मन्त्रालयमा पेश गर्नुस', मन्त्री शर्माले भन्नुभयो, "मन्त्रालयले त्यसलाई आफ्नो कार्यक्रम बनाएर लागू गर्छ ।' अर्थ मन्त्रालयलाई मन्त्रालयले अगाडि बढाएको योजनाको महत्त्वबोध गराउनुपर्नेमा जोड दिँदै उहाँले त्यस्ता योजनालाई सम्पन्न गराउन दुवै मन्त्रालयको संयुक्त टोलीमा छलफल गर्नुपर्ने बताउनुभयो।

दोस्रो त्रैमासिकसम्म आइपुग्दा धेरै काम गर्न नसकिएको स्वीकार गर्दै उहाँले समग्र मन्त्रालयको बजेट खर्च गर्ने दिशामा अगाडि बढ्नुपर्ने बताउनुभयो । पूँजीगत खर्च सन्तोषजनक नभएकाले लक्ष्यअनुसार पूँजीगत खर्च वृद्धि गर्न निर्देशन दिनुभयो। मन्त्रालयको कार्यसम्पादनलाई प्रभाकारी बनाउन काम गर्ने तौरतरिका, शैली, प्रशासनिक झन्झट अन्त्य गर्नुपर्नेमा जोड दिँदै उहाँले कर्मचारीतन्त्रको क्षमतालाई राजनीतिक नेतृत्वले सही ढङ्गले सदुपयोग गर्ने बताउनुभयो।

मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले कुनै बहानाबाजी नगरी तोकिएका काम निर्धारित समयमा सम्पन्न गर्न निर्देशन दिनुभयो । मातहतका निकायका प्रमुखसँग गरिएको कार्यसम्पादन सम्झौतासँग सम्बन्धित निकायको 'परफर्मेन्स' जोडेर हेरिने उहाँको भनाइ छ।

मन्त्रालय मातहतका निकायबीचको समन्वयलाई बलियो बनाएर लैजानुपर्नेमा जोड दिँदै उहाँले ती निकायबीच उचित समन्वयबाट मात्रै बजेटले लिएको लक्ष्यमा पूरा हुने बताउनुभयो ।'अन्तर निकाय समन्वयका लागि मन्त्रालय तयार छ, त्यस्ता विषयलाई स्पष्टसँग लेखेर ल्याउनहोस', उहाँले भन्नुभयो,'निर्धारित लक्ष्यअनुसार खर्च नहुँदा बजेट काटिन सक्छ, कार्यान्वयनमा गइरहेका योजनाको बजेट कटौती हुँदैन ।'

राष्ट्रिय योजना आयोगका सहसचिव डा किरण रुपाखेतीले पूँजीगत खर्च वृद्धिमा ध्यान दिन आग्रह गर्दै मन्त्रालयको वित्तीय र भौतिक प्रगति सन्तोषजनक नरहेको बताउनुभयो । अर्थ मन्त्रालयको खर्च कटौती प्रस्तावले केही महत्त्वपूर्ण योजना प्रभावित हुन सक्ने भन्दै उहाँले विशेष योजनाका लागि सहजीकरण गर्न अर्थ मन्त्रालयसमक्ष आग्रह गर्नुभयो।

मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालयका शाखा अधिकृत गणेश घिमिरेले अनियमितता, ढिलासुस्ती, निर्णयविहीनताको अवस्था अन्त्य गरेर बजेट कार्यान्वयनमा लाग्नुपर्ने बताउनुभयो। परिणामुखी काम गर्न कार्यालय प्रमुखले महत्त्वपूर्ण पहल लिनुपर्ने उहाँको भनाइ थियो । कार्यक्रममा मन्त्रालय मातहतका १८ निकायका प्रमुखले बजेट कार्यान्वयनको प्रगतिबारे जानकारी गराउनुभएको थियो।

**मन्त्रालयको पूँजीगत खर्च न्यून**

चालु आवको अर्धवार्षिक अवधिमा सञ्चार मन्त्रालयको विनियोजित बजेटतर्फ चालु तथा पूँजीगत खर्च न्यून देखिएको छ । चालु आवको पुस मसान्तसम्म चालु खर्च ३९ दशमलव ४४ र पूँजीगत खर्च १३ दशमलव ७७ प्रतिशत खर्च भएको मन्त्रालयले जनाएको छ।

आर्थिक वर्ष २०७९/०८० मा मन्त्रालयका लागि चालु खर्च रु पाँच अर्ब ४२ करोड ४३ लाख र पूँजीगत खर्च रु तीन अर्ब १९ करोड ६३ लाख गरी कुल आठ अर्ब ६२ करोड छ लाख विनियोजन भएको थियो। त्यसमा हालसम्म चालुतर्फ दुई अर्ब १३ करोड ९४ लाख र पूँजीगततर्फ ४४ करोड दुई लाख खर्च भएको छ ।रासस

# 'संविधानको इमान्दार कार्यान्वयन गर्ने जिम्मेवारी हाम्रो नै हो'

काठमाण्डु। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजनीतिक प्रणाली र संविधान जनताको सर्वोपरि हितका लागि भएकाले संविधानको इमान्दार कार्यान्वयनका लागि सबैलाई आग्रह गर्नुभएको छ।

निर्वाचन आयोग र नीति अनुसन्धान प्रतिष्ठानद्वारा बिहीबार आयोजित 'नेपालमा निर्वाचन प्रणाली तथा व्यवस्थापन प्रक्रिया सुधार विषयक अध्ययनबाट प्राप्त प्रारम्भिक निष्कर्ष प्रस्तुतीकरण कार्यक्रम' लाई सम्बोधन गर्दै उहाँले सो कुरा बताउनुभएको हो।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "जनताको धेरै ठूलो बलिदानी र पहलकदमीपछि हामीले संविधानसभाबाट संविधान बनायौँ । यसका लागि झण्डै ७० वर्ष लामो सङ्घर्ष गर्नुपर्‍यो। हाम्रो संविधान राजनीतिक सहमति र सम्झौताको दस्तावेज हो । संविधानका विविध विषयमा हामी सबैका आफ्ना दृष्टिकोण छन्। कतिपय विषयमा विमति पनि होलान् तर हामीले बनाएको संविधानको इमान्दार कार्यान्वयन गर्ने जिम्मेवारी पनि हाम्रो नै हो।"

संविधान कार्यान्वयनका लागि अपरिहार्य ऐनहरू बनाउन जरुरी भएकाले सरकारले यसका लागि आवश्यक पहल थालिसकेको उहाँको भनाइ थियो। "संविधानको पूर्ण कार्यान्वयनपछि मात्र हाम्रो संविधानमा के कति समस्या र त्रुटि छन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ", उहाँले भन्नुभयो, "संविधानले भनेको कुरा पहिला लागू गरौँ। त्यसले के नतिजा दिन्छ, त्यसपछि समीक्षा गरौँला। संविधानमा भएको व्यवस्था लागू नगरी संविधानलाई दोष दिनुहुँदैन।"

प्रधानमन्त्री दाहालले भन्नुभयो, "निजामती सेवा ऐनदेखि धेरै ऐनहरू बनाउन बाँकी छ। पहिला काम गरौँ, त्यसपछि मूलभूत विषयमा समीक्षा गरौँ । अहिले नै समीक्षातिर लाग्यौँ भने राजनीतिक अस्थिरता आउन सक्छ । दर्शन, सिद्धान्त, प्रणाली जनताले धेरै हेर्दैनन, उनीहरूले आफ्नो जीवनमा आउने परिणाम हेर्छन् । सिस्टम जति राम्रो भए पनि जनताले स्वीकारेनन् भने त्यो समस्या हुन्छ। जनता नै निर्णायक हुन्।"



कार्यक्रममा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र झलनाथ खनाल, नेपाली कांग्रेसका नेत्री डा पुष्पा भुसाल, नेकपा (एमाले) का कानुन विभाग प्रमुख रमेश बडाल, राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सदस्य गणेश पराजुली, राष्ट्रिय प्रजातन्त्र पार्टीका सहमहामन्त्री झनक प्याकुरेल, नेकपा (एकीकृत समाजवादी)का रमेशकुमार भट्टराईले निर्वाचन प्रणालीमा सुधार गर्ने क्रममा संविधानमै परिवर्तन गर्न अहिले हतारो हुने बताउनुभयो।

उहाँहरूले निर्वाचनलाई शुद्ध बनाउन र भड्किलो खर्च रोक्न थप आवश्यक भएको बताउनुभयो । जनता समाजवादी पार्टीका नेता प्रकाश अधिकारी, लोकतान्त्रिक समाजवादी पार्टीका केशव झा, जनमत पार्टीका सुरेन्द्र नारायण, नागरिक उन्मुक्ति पार्टीका गङ्गाराम चौधरी, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नेपाल मजदूर किसान पार्टीका प्रेम सुवाललगायतले शासकीय प्रणाली निर्वाचन प्रणालीमा सुधार गर्नुपर्ने माग गर्नुभयो।

कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन प्रणालीमा सुधार्नुपर्ने विषयमा निरन्तर बहस सञ्चालन गर्ने र निर्वाचन व्यवस्थापन प्रक्रियामा भने सुधार गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले एकीकृत निर्वाचन कानुनको मस्यौदा तयार भइरहेकाले त्यसलाई संसद्बाट पारित गर्न आग्रह गर्नुभयो।

प्रतिष्ठानका कार्यकारी अध्यक्ष डा विष्णुराज उप्रेतीले प्रत्यक्ष निर्वाचित कार्यकारी, उम्मेदवार छनोटका लागि दलभित्र प्रारम्भिक निर्वाचन, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, विद्युतीय मतदान, विदेशमा रहेका नेपालीको मताधिकार, सांसद नरहेका व्यक्तिबाट मन्त्री चयन, स्थानीय तहको निर्वाचनमा दल र स्वतन्त्रको हैसियत आदि विषयमा अध्ययनबाट प्राप्त निष्कर्ष र त्यसका पक्ष, विपक्षका तर्कहरू प्रस्तुत गर्नुभएको थियो ।रासस

# वातावरणका मुद्दामा सहयोग गर्न सरकार प्रतिबद्ध छ : प्रधानमन्त्री दाहाल

काठमाण्डु । वातावरण संरक्षण र दिगो विकासका सन्दर्भमा लामो समयदेखि वकालत गर्दै आएको नेपाल वातावरण पत्रकार समूह (नेवापस) ले समसामयिक वातावरणीय विषयमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को ध्यानाकर्षण गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेवापसको प्रतिनिधिमण्डलले बिहीबार भेट गरी प्रधानमन्त्रीसमक्ष एक ज्ञापनपत्र समेत बुझाएको छ।

त्यस अवसरमा प्रधानमन्त्री दाहालले नेवापसले वातावरणका विषयमा लामो समयदेखि पैरवी गर्दै आएको बताउँदै नेवापसले अघि सारेका कार्यहरूमा सहयोग गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

उहाँले नेवापसले समसामयिक वातावरणीय मुद्दाहरूलाई निकै मेहनतसाथ र मार्मिकरूपमा प्रस्तुत गरेकामा धन्यवादसमेत दिनुभयो।

नेवापसको ज्ञापनपत्रमा जलवायु परिवर्तन नेपालका लागि मात्र नभएर विश्वकै लागि चिन्ता र चासोको विषय भएको जनाउँदै भौगोलिक बनोट र गरिबीले गर्दा नेपाल यस समस्याबाट प्रभावित मुलुकहरूको अग्रस्थानमा रहेको उल्लेख छ।

ज्ञापनपत्रमा भनिएको छ, "जलवायु परिवर्तनमा नेपालको खासै भूमिका नभए पनि नेपालमा यसबाट पर्ने असरहरू भने अरू सरह बेहोर्नुपर्ने छ । यो अवस्था नेपालजस्तो कमजोर आर्थिक तथा भौतिक पूर्वाधार एवं प्राकृतिक र हिमालयमा पर्ने प्रभाव हाम्रो लागि सङ्कटको विषय बन्नेछ । नेपालको शिरशोभाका रूपमा रहेका यी हिमपर्वतहरूमा हिउँ रहेन भने भविष्यमा नेपालले पर्यटनबाट प्राप्त गर्ने ठूलो आयस्रोत गुमाउनुपर्ने निश्चित छ। त्यसैगरी दक्षिण एसियाको वाटर टावर भनिने हिमालको हिउँ लोप हुनेमात्र होइन, विश्वको एक तिहाइ जनसङ्ख्या पिउने पानीबाट समेत वञ्चित हुने खतरा छ।'



हिमनदीहरू पग्लने र त्यसको प्रभाव हिमताल विष्फोटन हुने हाम्रो अघिल्तिरको अर्को विपत्तिको सूचक हो, एवं त्यतिखेर हाम्रा थुप्रै नदीमा बनेका बाँध र नदी आसपासका बस्तीहरूको भविष्य अनिश्चित बन्ने खतरा छ भन्दै ज्ञापनपत्रमा यसले जलविद्युत्मा गरिने लगानीका सम्भावनाहरूमा ठूलो प्रश्न उठ्ने र कतै बाढी त कतै पानीको स्रोत सुक्दै गएको अवस्था छ भनिएको छ।

ज्ञापनपत्रमा मनाङ, मुस्ताङ, सिन्धुपाल्चोक (मेलम्ची) लगायतका स्थानहरूमा देखिएका प्राकृतिक प्रकोपहरूले जलवायु परिवर्तनका उच्चतम् प्रभावहरूलाई पुष्टि गरेको तथा नेपालको प्राकृतिक प्रकोपको चक्रले बर्सेनि खाद्यसुरक्षा, जैविक विविधता, खानेपानी, कृषि, महामारीलगायत मानिसको जीविकोपार्जनमा हरेक वर्ष नयाँनयाँ चुनौतीहरू थपिँदै गएका भन्दै यसबाट बर्सेनि मानवीय क्षति पनि भइरहेको छ र यसमा पनि बालबालिका तथा महिलाहरू अझ बढी प्रभावित छन् भनिएको छ।

नेपालको सामुदायिक वनलाई विश्व समुदायमा नमुनाका रूपमा लिन थालिएकै बेला चुरे र तराई क्षेत्रमा भने वन विनाशको व्यथा घट्नुको सट्टा बढिरहेको, नेपालका वनमा रहेका स्रोतहरु कुहिने र ह्रास हुने क्रम बढिरहेको, विदेशबाट बर्सेनि अर्बौं रुपैयाँका काठ आयात भइरहेको तथा नेपालका प्राकृतिक स्रोतका रूपमा रहेका बहुमूल्य जडीबुटीहरूको संरक्षण र सदुपयोगसमेत हुन सकिरहेको छैन, ज्ञापनपत्रमा भनिएको छ। नेवापसले विगत ३७ वर्षदेखि वातावरण संरक्षण र दिगो विकासका बारेमा जनचेतना जगाउन सञ्चारका विभिन्न माध्यममार्फत सक्रिय भूमिका निर्वाह गर्दै आएको पनि त्यस अवसरमा अवगत गराइएको थियो।

समूहले यो वर्ष सन् २०२३ नेपालमा संरक्षण क्षेत्रको ५०औँ वर्षगाँठको अवसरमा विविध कार्यक्रम गर्ने तथा वातावरण क्षेत्रमा कलम चलाउँदै आएका दक्षिणपूर्वी एसिया र अन्य केही मुलुकका पत्रकारहरूलाई नेपालमा भेला गराएर नेपालका जलवायुजन्य मुद्दाहरूमा केन्द्रित रहेर स्थानीय, राष्ट्रिय सञ्चारमाध्यमदेखि अन्तर्राष्ट्रिय सञ्चारमाध्यमबाट संसारभरि सूचना सम्प्रेषण गर्ने लक्ष्य लिएको पनि जानकारी गराएको थियो।

वरिष्ठ पत्रकार भैरव रिसाल, समूहका अध्यक्ष रोशनी अधिकारी समेत समूहका पदाधिकारीको नेतृत्वमा गएको टोलीले त्यस अवसरमा प्रधानमन्त्री दाहालको प्रधानमन्त्रीत्वकाल सफल हुने भन्दै बधाई एवं शुभकामना दिएको थियो ।रासस

# गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्नेमा जोड : डा भट्टराई

काठमाण्डु। पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले जीवनउपयोगी, रोजगारमूलक र गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने धारणाा व्यक्त गर्नुभएको छ । साउथ वेस्टर्न स्टेट कलेजद्वारा आज यहाँ आयोजित विज्ञान प्रदर्शनी कार्यक्रम उद्घाटन गर्दै उहाँले रोजगारी र उत्पादनसँग जोडिने गरी शैक्षिक कार्यक्रम सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो।

उच्च शिक्षा अध्ययनका क्रममा बर्सेनि हजारौँ विद्यार्थी विदेशिने गरेको चर्चा गर्दै उहाँले भन्नुभयो, 'गुणस्तरीय शिक्षा प्रदान गरी युवा वर्गलाई स्वदेशमै बस्ने वातावरण सिर्जना गर्नेतर्फ राज्य र शिक्षण संस्थाहरूको पनि ध्यान जान आवश्यक छ।' उहाँले हाम्रा विद्यार्थी विदेश जानबाट रोक्नका लागि स्वदेशमै सूचना प्रविधिमा आधारित भई प्राविधिक, व्यावसायिक र सीपमूलक शिक्षा उपलब्ध गराउन सक्नुपर्ने बताउनुभयो।

तारकेश्वर नगरपालिकाका प्रमुख कृष्णहरि महर्जनले संस्थागत र सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा उपलब्ध गराउनेतर्फ नगरपालिकाको ध्यान गएको बताउनुभयो। क्याम्पस प्रमुख डा राजेन्द्रसिंह केसीले बजारको मागअनुसार समयसान्दर्भिक एवं गुणस्तरीय शिक्षा प्रदान गर्नेतर्फ शिक्षणसंस्थाको ध्यान जानुपर्नेमा जोड दिनुभयो।

बसुन्धारास्थित सो क्याम्पस हाताभित्र सञ्चालित विज्ञान प्रदर्शनी भोलिसम्म चल्ने सहायक क्याम्पस प्रमुख हरिसिंह केसीले जानकारी दिनुभयो ।रासस

# परराष्ट्रमन्त्रीसँग साउदी राजदूतको भेटवार्ता

काठमाण्डु । परराष्ट्रमन्त्री डा विमला राई पौड्यालसँग नेपालका लागि साउदी अरेबियाका राजदूत साद अबु हैमेदले बिहीबार मन्त्रालयमा भेटवार्ता गर्नुभएको छ।

भेटमा परराष्ट्रमन्त्री पौड्यालले विश्वभर फैलिएको कोरोना महामारीका बेला त्यहाँ रहेका चार लाखभन्दा बढी नेपालीलाई सुरक्षित राखेकामा साउदी अरबिया सरकारलाई नेपाल सरकारका तर्फबाट धन्यवाद व्यक्त गर्नुभयो।

मन्त्री पौड्यालले साउदी अरबियाको विकासमा नेपाली श्रमिकको पनि उल्लेख्य योगदान रहेको उल्लेख गर्नुहुँदै आगामी दिनमा श्रम सम्झौता गरेर दक्षजनशक्ति उपलब्ध गराउन सरकार तयार रहेको बताउनुभयो।

सो अवसरमा राजदूत हैमेदले साउदी अरबियाको प्रगतिमा नेपाली श्रमिकको ठूलो योगदान रहेको उल्लेख गर्नुहुँदै आफ्नो देशमा विकास निर्माणका काम तीव्रगतिमा अघि बढेकाले श्रम सम्झौता गरेर थप नेपाली श्रमिक लैजाने प्रतिबद्धता जनाउनुभयो ।रासस

# अन्तर्राष्ट्रिय विमानस्थलको सेवा क्रमिक सुधार : पर्यटनमन्त्री

काठमाण्डु। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सेवा क्रमिकरूपमा सुधार भएको बताउनुभएको छ।

अन्तर्राष्ट्रिय विमानस्थलको आज तेस्रोपटक अनुगमन गर्दै मन्त्री किराँतीले विमानस्थलको तुलनात्मक सुधारले आफूलाई थोरै भए पनि खुसी मिलेको बताउनुभयो।

उहाँले भन्नुभयो, "यो नै पूर्ण सुधार होइन । तर क्रमिकरूपमा सुधार भइरहेको छ । यसबाट म आंशिक सन्तुष्ट छु। २४सै घण्टा खटेर विमानस्थललाई सुन्दर बनाउने ब्यूटीसियनलाई विशेष धन्यवाद छ।"

बिहानै पुग्नुभएका मन्त्री किराँतीले विमानस्थलको सबै सेवाको सुधारबारे स्थलगत अनुगमन गर्नुभएको थियो। विमानस्थलको शौचालयमा म्युजिक जडान गरिनु, गुनासोका लागि क्यूआर कोड सञ्चालनमा ल्याइनुले सेवाग्राहीलाई थोरबहुत सहज बनाउने अपेक्षा उहाँको छ। हरेक ३० मिनेटमा शौचालय अनुगमनको व्यवस्थासमेत गरिएको छ। सेवाग्राहीको सहजता नै आफ्नो पहिलो प्राथमिकता रहेको उल्लेख गर्दै मन्त्री किराँतीले यो सुधारले आफूलाई नभएर सेवाग्राहीलाई सन्तुष्ट बनाउने विश्वास व्यक्त गर्नुभयो।

"तपाईँहरूको मेहनत र परिश्रमले सेवाग्राहीलाई सहज वातावरण बनाउनेदेखि हाम्रो विमानस्थलप्रति उहाँहरूलाई अपनत्व पनि महसुस गराउनेछ", उहाँले भन्नुभयो।

विमानस्थलका प्रवक्ता टेकनाथ सिटौलाका अनुसार मन्त्री किराँतीले पाँच सय ट्रलीको मूल्यङ्कन गरी आर्थिक प्रस्तावनासमेत तयार गर्न निर्देशन दिनुभएको छ। सरसफाइका साथै स्तरीय यात्रुसेवा सुविधा दिन विमानस्थलका पदाधिकारीलाई उहाँले आग्रह गर्नुभयो। रासस

# चुनौतीलाई सम्भावनामा बदल्ने गरी सरकार अगाडि बढेको छ : मन्त्री भण्डारी

कैलाली । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले आजका राष्ट्रिय अभिभारा तथा राष्ट्रिय चुनौतीलाई सम्भावनामा बदल्ने गरी सरकार अगाडि बढेको बताउनुभएको छ।

कैलाली उद्योग वाणिज्य सङ्घले बिहीबार धनगढीमा आयोजना गरेको स्वागत तथा भेटघाट कार्यक्रममा उहाँले विशेषतः औद्योगिक क्षेत्रको विकासमा सरकार अगाडि बढेको र केही रुग्ण उद्योग सञ्चालनका लागि निजी क्षेत्रलाई आह्वान गरिने बताउनुभयो।

अझै थुप्रै औद्योगिक क्षेत्रका सम्भावना, त्यसका सम्भाव्यताबारे पहिचान गरेर आगामी आर्थिक वर्षमा सुदूरपश्चिमवासीले औद्योगिक क्षेत्रको विकासमा केही नयाँ उपलब्धि पाउने मन्त्री भण्डारीले जानकारी गराउनुभयो। उहाँले छिटोछरितो राज्यबाट हुने सेवा प्रवाहलाई कार्यान्वयन गर्ने कुरा सरकारको पहिलो प्राथमिकतामा रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "सुशासनको नीति सरकारले प्रदान गर्नेछ।"

कुन ठाउँमा कुन वस्तुको सम्भाव्यता छ भनेर सम्पूर्ण अध्ययन पूरा गर्ने गरी मातहतका निकायलाई निर्देशन दिइसकिएको मन्त्री भण्डारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आज पनि दार्चुलामा कपर खानी छ, सिसा खानी छ, बैतडीमा फलाम खानी छ, र अन्य जिल्लामा पनि थुप्रै सम्भावना छन्, यी कुरालाई पनि हामी प्राथमिकतामा राख्छौँ।"

उहाँले वर्तमान सरकार कञ्चनपुरस्थित दोधाराचाँदनीको सुक्खा बन्दरगाहलाई चाँडै कार्यान्वयनमा ल्याउने कुरामा वचनबद्धता व्यक्त गर्नुभयो। आगामी फागुन १ गते प्रधानमन्त्रीको उपस्थितिमा सुक्खा बन्दरगाहको अवलोकन गर्ने र त्यसलाई नेपाल-भारत सरकारबीचको समझदारीमा निर्माण कार्यलाई चाँडै प्रारम्भ गरिने उहाँले बताउनुभयो ।रासस

# उपप्रधानमन्त्री लिङ्देन र युरोपेली युनियनका राजदूत डिप्रेजबीच शिष्टाचार भेट

काठमाण्डु। उपप्रधानमन्त्री एवं ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री राजेन्द्र लिङ्देनसँग नेपालका लागि युरोपेली युनियनका राजदूत नोना डिप्रेजबीच बिहीबार मन्त्रालयमा शिष्टाचार भेट भएको छ।

मन्त्रालयमा भएको भेटवार्तामा उपप्रधानमन्त्री लिङ्देनले विद्युत् उत्पादन, प्रसारण र बजारीकरणलाई प्राथमिकता दिई काम गरिरहेको उल्लेख गर्दै हरित ग्यास उत्पादनको सम्भाव्यता अध्ययन र नीति निर्माणमा समेत निजी लगानीकर्ता र सरोकारवाला पक्षसँग छलफल भइरहेको जानकारी दिनुभयो।

छिमेकी राष्ट्रलाई विद्युत् निर्यात गर्ने विषयमा राजदूत डिप्रेजको जिज्ञासामा उहाँले बङ्गलादेशसँगको सम्झौता प्रक्रियामा रहेको नेपालले ठूलो मात्रामा विद्युत् निर्यात गर्ने गरी व्यापार सम्झौता गर्न लागेको बताउनुभयो । उपप्रधानमन्त्री लिङ्देनले आवश्यक ट्रान्समिसनको व्यवस्थासहित समानान्तररूपमा अन्तरदेशीय प्रसारण लाइन विस्तार गरी अन्य छिमेकी मुलुकसँग विद्युत् निर्यात गर्ने गरी व्यापार सम्झौता गरिने स्पष्ट गर्नुभयो।

नवीकरणीय ऊर्जाको क्षेत्रमा नेपाललाई प्राप्त सहयोगका लागि युरोपेली युनियनललाई धन्यवाद दिँदै उहाँले भविष्यमा पनि ऊर्जा क्षेत्रमा सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभएको उपप्रधानमन्त्री लिङ्देनका प्रेस संयोजक रञ्जित प्रसाईंद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।रासस



**भग्नावशेषमा बाँचेका व्यक्तिहरूको खोजी गर्दै** : टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले बुधबार सबैभन्दा बढी प्रभावित क्षेत्रको भ्रमणका क्रममा ठूलो भूकम्पबाट मुलुकमा कुल ८,५७४ जनाको ज्यान गएको छ। *तस्विर : सिन्ह्वा*

# चितवनमा भेट्रान कप फुटबल शनिबारदेखि

चितवन । चितवनमा शनिबारदेखि स्व दिलीप राणा स्मृति चौथो अन्तर्राष्ट्रिय आमन्त्रण भेट्रान कप फुटबल प्रतियोगिता हुने भएको छ।

चितवन भेट्रान फुटबल क्लबको आयोजनामा उक्त प्रतियोगिता हुन लागेको हो।

आगामी फागुन ४ गतेसम्म चल्ने सो प्रतियोगितामा नेपाल र भारतका गरी १६ टोली सहभागी हुने प्रतियोगिताका संयोजक हरिप्रसाद भट्टले जानकारी दिनुभयो।



प्रतियोगितामा भारतकोकोलकातासहितनेपालबाट आयोजक चितवन भेट्रान निलो, चितवन भेट्रान रातो, अभिषेक चर्च भेट्रान रजहर, नागासोती भेट्रान क्लब हेटौंडा, सिमरा भेट्रान सिमरा, डिफेन्डिङ च्याम्पियन फ्रिडम फाइटर ठमेल, भूपू सैनिक जबई स्पोर्टिङ, एक्स महेन्द्र पुलिस क्लब, बगरभाइ खलक भेट्रान, हेटौंडा भेट्रान, फ्रेण्ड्स भेट्रान, दरबार भेट्रान नुवाकोट र थापागाउँ सुधार समिति सहभागी हुनेछन्।

सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। नकआउटका आधारमा हुने उक्त प्रतियोगितामा दुवै समूहका शीर्ष टोली फाइनलमा प्रवेश गर्नेछन्। प्रतियोगिताको विजेताले रु एक लाख ५१ हजार र उपविजेताले रु ७५ हजार पाँच सय प्राप्त गर्ने छन्। प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले रु १० हजार तथा उत्कृष्ट गोलकिपर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट डिफेन्डर, सर्वाधिक गोलकर्ता र उत्कृष्ट प्रशिक्षकले रु पाँच-पाँच हजार पुरस्कार प्राप्त गर्नेछन्। प्रतियोगितामा ४० वर्षमाथिका खेलाडी सहभागी हुने छन्।रासस

# टर्कीए र सिरियामा भूकम्पमा मृत्यु हुने पन्ध्र हजारभन्दा बढी

**सिन्ह्वा**

अङ्कारा । टर्कीए र सिरियाको सीमा क्षेत्रमा गएको विनाशकारी भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या १५ हजार नाघेको अधिकारीहरुले जनाएका छन्।

बिहीबार बिहानसम्मको प्राप्त तथ्याङ्कअनुसार सो भूकम्पमा परेर ज्यान जानेको सङ्ख्या दुवै देशमा गरेर १५ हजार तीन सय ८३ पुगेको छ।

दुवै देशका सरकारी अधिकारी तथा उद्धारकर्मीले बिहीबार बिहान सार्वजनिक गरेको तथ्याङ्कमा सो जानकारी दिइएको समाचारमा जनाइएको छ।

बिहीबार बिहानसम्म टर्कीएमा भूकम्पबाट ज्यान जाने नागरिक १२ हजार तीन सय ९१ जना पुगेका छन्। टर्कीएको बिपत व्यवस्थापन विभागलाई उद्धृत गर्दै सो समाचार दिइएको छ।

त्यस भूकम्पबाट टर्कीएका धेरैको मृत्यु भएको बताइएको छ। टर्कीएका राष्ट्रपतिको कार्यालय स्रोतका अनुसार टर्कीएमा भूकम्पमा परी १२ हजार तीन सय ९१ जनाको मृत्यु भएको छ।

यसअघि टर्कीको विपद् व्यवस्थापन निकायले ४४ हजारभन्दा बढी मानिस घाइते भएको जनाएको थियो। घाइतेलाई अस्पताल पुर्‍याइएको छ र अस्पतालमा नै मानिसको निधन भएका समाचारहरु आइरहेका छन्।

उता सिरियामा पनि सो भूकम्पमा परी बिहीबारसम्म ज्यान जाने व्यक्तिको सङ्ख्या एक हजार दुई सय नाघेको छ। त्यहाँ दुई हजार जनाभन्दा बढी व्यक्ति घाइते भएका छन्।

टर्कीएको दक्षिणी प्रान्त कहरामनमारसमा स्थानीय समयअनुसार सोमबार बिहान ४:१७ बजे ७.७ म्याग्निच्यूडको भूकम्प गएको थियो भने त्यसको केही मिनेटपछि देशको दक्षिणी प्रान्त गाजियान्टेपमा ६.४ म्याग्निच्यूडको भूकम्प गएको थियो। त्यस्तै सोही दिन दिउँसो १:२४ मा ७.६ म्याग्निच्यूडको भूकम्प गएको थियो।

टर्कीए र सिरियामा सोमबार गएका दुई ठूला र घातक भूकम्पको केन्द्रविन्दु रहेको कहरमानमार ासमा उद्धारकर्मी जीवित व्यक्तिको खोजीका लागि जुटेका छन्।

धेरै देश र विश्वव्यापी सहायता एजेन्सीले भूकम्प प्रभावित क्षेत्रमा उद्धार टोली र राहत सामग्री प्रदान गरिरहेका छन्।

यसै क्रममा चिनियाँ उद्धार टोली पनि चार्टर्ड विमानबाट टर्कीएको भूकम्प प्रभावित क्षेत्रमा उद्धारकार्यमा सहयोग गर्न बुधबार अदाना विमानस्थलमा आइपुगेको छ।

उता अमेरिकी अधिकारीहरुले पनि उद्धारको कामका लागि अमेरिकी टोली पठाइएको बताएकमा छन्। संयुक्त राष्ट्रसङ्घले पनि विभिन्न सहायता एजेन्सी पठाएर सहयोग गरिरहेको जनाएको छ।

# अमेरिकाको दाबी रुसद्वारा अस्वीकार

**सिन्ह्वा**

मस्को। रुसले नयाँ रणनीतिक हतियार न्यूनीकरण सन्धि (नयाँ स्टार्ट) को पालना नगरेको भन्दै संयुक्त राज्य अमेरिकाले गरेको दाबीलाई मस्कोले दृणतापूर्वक अस्वीकार गरेको छ।



रुसी विदेश मन्त्रालयले बुधबार विज्ञप्ति जारी गर्दै उल्लेख गरेको छ, रूसी पक्षले नयाँ स्टार्टका प्रावधानसँग हाम्रो देशको 'अनुपालन नगरेको' सम्बन्धमा अमेरिकी प्रतिनिधिहरूले गरेको दावीलाई स्पष्टरूपमा अस्वीकार गर्दछ।

"हामी संयुक्त राज्य अमेरिकाको शत्रुतापूर्णकार्य अनुत्तरित छोड्ने पक्षमा छैनौं", संयुक्त राज्य अमेरिकाले रुसलाई अमेरिकी भूमिमा निर्वाध निरीक्षण गर्ने सबै अवसरमाथि प्रतिबन्धलगाएको छ, जसले गर्दा सन्धिको उल्लङ्घन भएको छ।

यो सन्धि अविभाज्य सुरक्षाको सिद्धान्त र पारस्परिक विश्वास, खुलापन र भविष्यवाणीको आधारमा रणनीतिक सम्बन्ध निर्माण गर्ने अवधारणाद्वारा निर्देशित भए पनि संयुक्त राज्य अमेरिकाका नीति आफैँमा विरोधाभाषपूर्ण छन्।

"रूसी पक्षले अन्तरराष्ट्रिय सुरक्षा र स्थायित्व कायम राख्नको लागि एक उपकरणको रूपमा स्टार्टप्रति आफ्नो अटल प्रतिबद्धतालाई पुनःपुष्टि गर्दछ", विज्ञप्तिमा भनिएको छ।

नयाँ स्टार्ट अनुसार दुई आणविक महाशक्तिबीचको अन्तिम बाँकी रहेको आणविक हतियार नियन्त्रण सन्धिलाई दुई देशको सहमतिमा अधिकतम पाँच वर्षसम्म लम्ब्याउन सकिन्छ। रूस र संयुक्त राज्य अमेरिकाले सन् २०२१ फेब्रअरी ३ मा आधिकारिकरूपमा पाँच वर्षको लागि सन्धि विस्तार गरेका थिए।

# बेलाइतद्वारा रुसमाथि नयाँ प्रतिबन्धको घोषणा

**एएनआई**

लन्डन । युक्रेन युद्धको विषयलाई लिएर बेलाइतले रुसविरुद्ध थप प्रतिबन्धकपो घोषणा गरेको छ। बेलाइतका विदेश मन्त्री जेम्स क्लिभरलीले बुधबार रूसी सेना र क्रेमलिन अभिजात वर्गहरू विरुद्ध नयाँ चरणको प्रतिबन्धको घोषणा गर्नुभएको छ।

युक्रेनका राष्ट्रपति जेलेन्स्की बेलाइती प्रधानमन्त्री ऋषि सुनक र राजा चाल्ससँग भेटघाट गर्न बेलाइत पुग्नु भएको छ। उहाँले बेलाइतको संसद्लाई सम्बोधन गर्ने कार्यक्रमबीच यो घोषणा भएको हो।

यो घोषणा युक्रेन विरुद्ध ड्रोनजस्ता विभिन्न किसिमका सैन्य उपकरण उपलब्ध गराउँने छ वटा संस्था, कुलीन आठ व्यक्ति र एउटा संस्था विरुद्ध केन्द्रित हुनेछ। बेलाइती विदेशमन्त्री क्लिभरलीले यो प्रतिबन्धले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई थप आर्थिक दवाब पर्ने बताउनुभएको छ।

"यी नयाँ प्रतिबन्धले पुटिनमाथिको आर्थिक दवाबलाई थप बलियो बनाउँने छ। युक्रेनलाई विजयी बनाउन मद्दत गर्न र रुसलाइ कमजोर पार्न म दृढ छु। यी कुरा हाम्रो कानुनसँग मेल खान्छन्", उहाँले भन्नुभयो।

यो लागू प्रतिबन्ध सीएसटी, ड्रोन निर्माता, आरटी-कम्प्लेक्ट, द्वन्द्वमा प्रयोग हुने हेलिकप्टरका पार्टपूर्जा बनाउँने कम्पनी र अन्य सैन्य उपकरणको ढुवानी व्यवस्थापन गर्ने ओबोरोनोलोजिस्टि, एन्टी-एयरक्राफ्ट मिसाइल निर्माणसँग सम्बन्धित छ। त्यसैगरी सैन्य उड्डयनमा सङ्लग्न सफ्टवेयर कम्पनी टोपाजलगायतलाई पनि बेलाइतले प्रतिबन्ध लगाएको छ।

यसका अतिरिक्त कुलीन लक्षित व्यक्तिमा बोरिस टिटोभ, निकोले एगोरोभ, सर्गेई रुडनोभ, स्वेतलाना क्रिभोनोगिख र विक्टर म्याचिन रहेका छन्। यसबाहेक, बेलाइत सरकारले प्रतिबन्ध लगाएका व्यक्तिमा एलेक्सी रेपिक, इभजेनी स्कोलोभ र पावेल टिटोभ समावेश छन्। रुस- युक्रेन युद्ध विगत एक वर्षदेखि निरन्तर जारी छ।

# राष्ट्रपतिद्वारा डडेलो नियन्त्रणका लागि तयार रहन आग्रह



**सिन्ह्वा**

जकार्ता । इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोले बुधबार प्रहरी र सेनाका अधिकारीलाई एल निनो सुक्खा मौसम नजिकिँदै गरेकाले सम्भावित डेडेलोको प्रोकलाई रोक्न तयार रहन आग्रह गर्नुभएको छ।

राष्ट्रपति विडोडोले चेतावनी दिँदै यदी प्रहरी र सुरक्षाकर्मीको लापरबाहीले डडेलोको जोखिम बढेमा वा नियन्तण बाहिर गएमा प्रहरी र सेना प्रमुखलाई बर्खास्त गरिने बताउनुभएको छ।

उहाँले जामा प्रहरी र सेनाका नेतासँगको संयुक्त बैठकमा भन्नुभयो, "यदि तपाईंको क्षेत्रमा आगलागी भयो र यसलाई राम्रोसँग सम्हालिएन भने, तपाईंलाई बर्खास्त गरिनेछ।"

मौसम विज्ञान र भूभौतिकी एजेन्सीले सुख्खायाममा यहाँ डडेलोको अत्यन्त जोखिम हुने प्रक्षेपण गरेको छ।

# उजबेकिस्तानबाट अफगानिस्तालाई मानवीय सहायता प्राप्त

**एएनआई**

काबुल । राजनीतिकरूपले सङ्कटग्रस्त अफगान जनताको जीवन सहजयापन बनाउँनका लागि उज्बेकिस्तान सरकारको सहयोगमा शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तले हिउँदे सहायता प्याकेज पठाएको छ।

अत्यधिक चिसोले प्रताडित अफगानिस्तानमा सो सहायताले केही सहयोग पुग्ने अपेक्षा गरिएको छ।

कडा चिसो जाडोमा जबरजस्ती विस्थापित भएका र अन्य जोखिममा परेका हजारौँ अफगानीको जीवनयापन बचाउन विभिन्न मानवीय संस्थाले ४८ हजारभन्दा बढी कम्बलसहितका १२ ट्रक अफगानिस्तान पठाएको खामा प्रेसले बुधबार उल्लेख गरेको छ। बुधवार संयुक्त राष्ट्रसङ्घ शरणार्थी एजेन्सीले उज्बेकिस्तान सरकारको समर्थनमा अफगानिस्तानका लागि शीतकालीन सहायताको विस्तृत विवरण सार्वजनिक गरेको थियो।

उच्चायुक्तले उजबेकिस्तान सरकारसँगको समन्वयमा अफगान जनताको लागि सबैभन्दा महत्त्वपूर्ण सहयोगका रूपमा जीवन बचाउने मानवीय सहायता जारी राख्न सबै प्रयास गरिरहेको बताएको छ। विशेषत यो चिसो जाडोमा उज्बेक सरकार र स्थानीय साझेदारको समयोगका लागि युनएचसिआरले विशेष धन्यवाद व्यक्त गरेको छ।

अफगानिस्तानका महिला, बालबालिकालगायत पीडित जनताका लागि अत्यावश्यक आवश्यकता पूरा गर्न तत्काल सहयोग गर्नुपर्ने, खामा प्रेसले वरिष्ठ सम्पर्क अधिकारी फ्रान्क रेमसलाई उद्धृत गर्दै जनाएको छ।

विज्ञप्तिअनुसार अफगानिस्तानका लागि शीतकालीन सहायता आपूर्तिमा स्लीपिङ म्याट, त्रिपाल, हेभी ड्युटी बाल्टिन, कम्बल, स्टेनलेस स्टिल किचन सेट, जेरी क्यान र पोर्टेबल सौर्य एलइडी बत्तीलगायतका सामग्री समावेश छन्।

हाल अफगानिस्तानको कुल तीन करोड ८० लाख जनसङ्ख्याको लगभग ५० प्रतिशतलाई सहायता र शीतकालीन सहयोगको सख्त आवश्यकता देखिन्छ। मुलुकमा झण्डै ४० लाख बालबालिका गम्भीर कुपोषणबाट ग्रस्त रहेको पनि तथ्याङ्कले देखाएको छ।

टोलो समाचारले भर्खरै उल्लेख गरेअनुसार यहाँको तापमानमा आएको अचानक गिरावटले मानिसलाई नराम्ररी प्रभावित गरेको छ।

# युक्रेनका राष्ट्रपति फ्रान्समा

**सिन्ह्वा**

पेरिस । युक्रेनका राष्ट्रपति अकस्मात फ्रान्सको भ्रमणमा पुग्नुभएको छ। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलिन्स्कीले फ्रान्सको भ्रमण गर्ने कार्यक्रम पहिले नै तय नभएको भए पनि उहाँ बुधबार अकस्मात फ्रान्स पुग्नुभएको बताइएको छ।

संयुक्त अधिराज्यको भ्रमणपछि उहाँ अकस्मात पेरिस पुग्नुभएको युक्रेनी राष्ट्रपतिको कार्यालयले बुधबार जारी गरेको एक सूचनामा जनाएको छ।



राष्ट्रपति जेलिन्स्कीले बुधबार नै फ्रान्सेली राष्ट्रपति इमानुअल म्याक्रोँसँग भेटवार्ता पनि गर्नुभएको छ।

त्यसैगरी उहाँले जर्मन चान्सूलर ओलफ स्कल्जसँग पनि पेरिसमा नै भेटवार्ता गर्नुभएको थियो। उहाँहरुका बीचमा बुधबार त्रिपक्षीय वार्ता भएको सो समाचारमा जनाइएको छ।

त्यसैगरी उहाँहरु तीनैजना बुधबार राति रात्रिभोजमा पनि सहभागी हुनुभएको बताइएको छ। त्यस अवसरमा युक्रेनका राष्ट्रपति जेलिन्स्कीले युक्रेनको हालको अवस्थाका बारेमा जानकारी गराउनुभएको थियो।

सो जानकारी पछि गएको वर्षदिनदेखि रुसले आक्रमण गरी समस्यामा परेको युक्रेनका लागि के कस्तो सहयोग पुर्‍याउन सकिन्छ भन्ने बारेमा पनि कुराकानी भएको बताइएको छ।

गत वर्ष रुसले युक्रेनमाथि हमला गरेपछि फ्रान्स र जर्मनीले नै युक्रेनको पक्षमा उभिएका मात्र नभएर आर्थिक तथा सुरक्षासम्बन्धी युक्रेनलाई सहयोग गर्दै आएका छन्।

उहाँहरुका बीचमा बिहीबार पनि ब्रसेल्समा युरोपियन काउन्सिलको बैठकमा भेटवार्ता हुने बताइएको छ। सो बैठकमा युरोपियन युनियनका सदस्य उपस्थित हुने र युक्रेनलाई आगामी दिनमा गर्ने सुरक्षा सहयोगका बारेमा पनि कुराकानी हुने बताइएको छ।

# ३६ उद्धार टोली परिचालन

**सिन्ह्वा**

ब्रसेल्स । युरोपेली युनियन (इयु) सदस्य राष्ट्र एवम् इयु नागरिक सुरक्षा संयन्त्रमा सहभागी तीन देशले भूकम्प प्रभावित तुर्किए, जेनेजमा) बुधबार ३६ वटा उद्धार र चिकित्सा टोली पठाउने प्रस्ताव गरेका छन्।

भूकम्पबाट उत्पन्न सङ्कट व्यवस्थापनका लागि युरोपेली आयुक्त लेनार्सिकले सो कदम चालिएको बताउँनुभएको छ।

टोलीमा करिब एक हजार ५०० उद्धारकर्मी, स्वास्थ्यकर्मीका साथै एक सयवटा खोज तथा उद्धार कुकुर परिचालन गरिएको बताइएको छ।

इयु सुरक्षा टोली पनि समन्वयमा सहयोग गर्न खटाइएकोउहाँले बतउनुभएको छ।

सोमबार देशको दक्षिणी भागमा शक्तिशाली भूकम्प गएपछि तुर्किएले इयु नागरिक सुरक्षा संयन्त्र सक्रिय बनाएको छ। यस किसिमको समूह युरोप र बाहिरका कुनै पनि देशका लागि आवश्यक उद्धारका लागि तयार गरिएको हो। स्थानीय समयअनुसार सोमबार बिहान ०४:१७ मा तुर्किएको दक्षिणी प्रान्त कहरामनमारासमा ७.७ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको थियो।

टर्कीको दक्षिणी प्रान्त हाते र सिरियाको उत्तरी शहर एलेप्पोमा सबैभन्दा ठूलो जनधनको क्षति भएको छ। लेबनान, इजरायल र साइप्रसले पनि भूकम्पको धक्का महसुस गरेका छन्। इयुले भूकम्प प्रभावित देशमा राहत र उद्धारकार्यलाई तीव्रता दिएको जनाएको छ।

# पूर्वीइन्डोनेसियामा भूकम्पका कारण चार जनाको मृत्यु

**सिन्ह्वा**

जकार्ता । पूर्वीपपुवा प्रान्तमा बिहीबार आएको ५.४ म्याग्निच्युडको भूकम्पमा परी चार जनाको मृत्यु भएको छ भने थुप्रै भवन ध्वस्त भएको प्रकोप एजेन्सीका अधिकारीले बताएका छन्।

"भूकम्पको झट्का यहाँ तीव्ररूपमा महसुस गरिएको थियो। यसले घरहरू, एउटा रेस्टुरेन्ट र भवनमा क्षति पुर्याएको छ", प्रान्तीय विपद् व्यवस्थापन तथा न्यूनिकरण



निकायका सञ्चालन नियन्त्रण केन्द्रका प्रबन्धक जोनाथन कोइरेवाले सिन्ह्वालाई बताएका छन्। 'भूकम्पमा चार जनाको ज्यान गएको र अहिले भूकम्पको थप सम्भावित जोखिम बारे अध्ययन गरिरहेका छौं,' उनले भनेका छन्।

देशको मौसम विज्ञान एवम् भूभौतिकी एजेन्सीले दिउँसो १३:२८ मा भूकम्प गएको जानकारी दिएको छ। भूकम्पको केन्द्रविन्दु प्रान्तीय राजधानी जयपुराबाट एक किलोमिटर दक्षिणपश्चिममा र १० किलोमिटर गहिराइमा रहेको छ। भूकम्पका कारण सुनामी जोखिम भने नरहेको बताइएको छ।



**कौसी खेती ।** कौसीमा उत्पादन भएको ब्रोकाउली टिप्दै पोखरा-१७, आँखा अस्पताल चोककी डिलमाया कार्की । *तस्विरः रासस*

# ‘एक नेपाली, एक पर्यटक’ योजना ल्याउन माग

काठमाण्डु । नेपाल चेम्बर अफ कमर्शले ‘एक नेपाली, एक पर्यटक’ भित्र्याउने गरी योजना ल्याउन सरकारसंग माग गरेको छ ।

चेम्बरले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीलाई बुधबार भेटगरेर ‘ एक नेपाली, एक पर्यटक’ रणनीतिक योजना कार्यान्वयन गरी थप पर्यटक भित्र्याउन माग गरेको हो ।

चेम्बरका अध्यक्ष राजेन्द्र मल्लको नेतृत्वमा गएको टोलीले मन्त्री किराँतीलाई विदेशमा रहेका नेपाली राजदूतावास, गैरआवासीय नेपालीलाई परिचालन गरेर थप पर्यटक भित्र्याउन सकिने सुझाव दिँदै यसका लागि ठोस रणनीतिक योजना बनाउन आग्रह गरेको हो । मुलुकको अर्थतन्त्र सङ्कुचन भएको अवस्थामा पर्यटकीय गतिविधि बढाएर अर्थतन्त्रलाई चलायमान एवं समृद्धि हासिल गर्नुपर्ने अध्यक्ष मल्लको भनाइ थियो ।

अध्यक्ष मल्लले विश्वको सर्वोच्च शिखर सगरमाथालगायत आठ हजार मिटरभन्दा माथिका आठ वटा हिमाल, पशुपतिनाथ, लुम्बिनीलगायतका क्षेत्रको अन्तर र्राष्ट्रियस्तरमै प्रवर्द्धन गर्न आवश्यक रहेको बताउनुभयो । राष्ट्रिय महत्वका स्मारक र विश्वसम्पदा सूचीमा परेका स्थललाई संरक्षण र प्रवर्द्धन गर्नुपर्ने अध्यक्ष मल्लको भनाइ थियो ।

चेम्बरले नेपालको हवाई क्षेत्रलाई युरोपेली युनियन (इयू)को कालोसूचीबाट हटाउनका लागि कूटनीतिक पहल गर्न, विदेशी पर्यटकलाई निश्चित समयका लागि भिसा शुल्क निःशुल्क गर्नुपर्ने, नेपाल वायुसेवा निगम र अन्तर्राष्ट्रिय विमानस्थलको संरचनागत सुधार गरेर नेपाल एयरलाइन्सको जहाज थप गर्ने प्रक्रिया अविलम्ब सुरु गर्न आग्रह गरेको छ ।

सो अवसरमा मन्त्री किराँतीले नेपालमा पर्यटन गतिविधि बढाउन विदेशी पर्यटकलाई केही समयका लागि भिसा सहज बनाउन योजना बनाइरहेको बताउनुभयो । “अन्य देशको तुलनामा नेपाल आउने पर्यटकका लागि भिसा शुल्कदेखि हवाई भाडासम्म निकै महँगो पर्ने गरेकाले नेपाल आकर्षक गन्तव्य बन्न सकेको छैन, यसका लागि सहजीकरण सुरु गरेको छु”, उहाँले भन्नुभयो ।रासस

# त्रिशूली जलविद्युत् केन्द्रको आधुनिकीकरण गरिँदै

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले नुवाकोटको बिदुर नगरपालिका-९ त्रिशूली बजार स्थित त्रिशूली जलविद्युत् केन्द्रको जीर्णोद्धार तथा आधुनिकीकरण सुरुआत गरेको छ ।



विसं २०२३ देखि सञ्चालनमा रहेको विद्युत्गृहका उपकरण पुरानो तथा जीर्ण बनेका र माटो, बालुवा भरिएर जलाशय चउरमा परिणत भएपछि त्यसको जीर्णोद्धार तथा आधुनिकीकरण थालिएको छ ।

करिब रु ७५ करोड अनुमानित लागत रहेको जीर्णोद्धार तथा आधुनिकीकरण परियोजनामार्फत, विद्युत् गृहको नियन्त्रण कक्षमा रहेका इलेक्ट्रोमेकानिकल उपकरणलाई आधुनिक तथा स्वचालित बनाइनेछ । करिब चार सय रोपनी जग्गामा फैलिएको जलाशयमा थुप्रिएको माटो, बालुवालाई हटाएर त्यसको पुनःस्थापनाको काम सुरु गरिएको छ ।

साथै, जलाशयको दायाँ किनारतर्फबाट ५० क्युमेक पानी बहाव क्षमताको एक हजार दुई सय मिटर लम्बाइ भएको नयाँ बाइपास नहर निर्माण गरिएको छ । अहिले यही बाइपास नहरमार्फत विद्युत् उत्पादन भइरहेको छ । नहर सञ्चालनमा रहेकोले विद्युत् उत्पादन बन्द नगरी जलाशयमा भरिएको माटो, बालुवा निकाल्ने काम जारी छ ।

गत वैशाखदेखि सुरु भएको जलाशयको पुनर्स्थापना यही फागुनभित्रमा सक्ने लक्ष्यका साथ काम भइरहेको छ । विद्युत् गृहलाई स्वचालित बनाउने काम भने एक वर्षभित्रमा सम्पन्न हुने छ । यसका लागि ठेक्का सम्झौता भई केही उपकरण उत्पादनका क्रममा रहेका छन् भने पावर ट्रान्सफर्मरलगायतका उपकरण केन्द्रस्थलमा आपूर्ति भइसकेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठ सम्मिलित उच्चस्तरीय टोलीले पुनःस्थापना कार्यको अनुगमन भ्रमण गरी तोकिएको समयमा सम्पूर्ण काम सक्न निर्देशन दिएको छ ।

जलाशयको पुनःस्थापना भएपछि विद्युत्गृहलाई विद्युत्को माग बढी हुने समय (पिक)मा दैनिकरुपमा चार घण्टा पूर्ण क्षमतामा चलाउन सकिनेछ । हिउँदमा पिकिङका लागि बाइपास नहरबाट र जलाशयमा सञ्चित गरिएको पानी प्रयोग गरी विद्युत् उत्पादन गर्न सकिनेछ ।

वर्षायाममा जलाशयलाई प्रयोगमा नल्याइने, खहरे खोलाबाट आउने लेदोलगायतलाई रोक्न संरचना निर्माण गरिएको हुँदा विगतमा जस्तो बालुवा, माटो भरिन नपाउने उल्लेख गर्दै केन्द्र प्रमुख बाबुराजा महर्जनले जलाशयको सञ्चित क्षमता गुम्न नपाउने बताउनुभयो ।

विदुर नगरपालिकाले जलाशय वरिपरि पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न गुरुयोजना तयार गरेको छ । जलाशयमा डुङ्गा चलाउने, खाली जग्गामा पैदलमार्ग तथा बगैँचा निर्माण गर्नेलगायतका योजना नगरपालिकाको छ ।

भारतीय अनुदानमा त्रिशूली जलविद्युत् आयोजनाको निर्माण गरिएको हो । अर्धजलाशययुक्त त्रिशूली जलविद्युत् केन्द्रबाट वार्षिकरुपमा १६ करोड ३० लाख युनिट विद्युत् उत्पादन हुने गरी डिजाइन गरिएको छ । गत आर्थिक वर्षमा विद्युत्गृहबाट १३ करोड ७१ लाख युनिट विद्युत् उत्पादन भएको थियो । गत आवसम्ममा केन्द्रले पाँच अर्ब ६९ करोड ३९ लाख युनिट विद्युत् उत्पादन गरिसकेको छ ।

भारतीय रुपैयाँ १४ करोड सहयोगमा निर्माण भएको केन्द्रको सुरुको क्षमता २१ मेगावाट थियो । पछि यसको पुनःस्थापनामार्फत क्षमता विस्तार गरी २४ मेगावाट पुऱ्याइएको हो । त्रिशूली जलविद्युत् केन्द्रको क्यास्केडका रुपमा १५ मेगावाटको देवीघाट जलविद्युत् केन्द्र पनि सञ्चालित छ ।रासस

# पूर्व-पश्चिम विद्युतीय रेलमार्गको प्रगति छ प्रतिशत मात्रै



काठमाण्डु । नागरिकले आशाका साथ हेरिरहेको विकास योजनामा पर्ने पूर्व-पश्चिम रेलमार्ग निर्माण अघि बढ्न सकेको छैन । नौ सय किमीभन्दा बढी लम्बाइमध्ये हालसम्म ५५ किमी अर्थात् छ प्रतिशत मात्रै सम्पन्न भएको रेल विभागले जनाएको छ ।

हालसम्म बर्दिवासबाट निजगढसम्म ७० किमी निर्माणको मात्रै योजना बनेको विभागका महानिर्देशक रोहितकुमार बिसुरालले बताउनुभयो । उहाँका अनुसार बाँकी अरु खण्डमा निर्माणको योजना बनेको छैन । एउटा खण्डमा भने विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) अध्ययनका क्रममा रहेको छ ।

बीचमा सानो खण्डमा मात्रै काम सुरु भए पनि आयोजना नै सम्पन्न गर्ने गरी काम सुरु हुन बाँकी रहेको उहाँले बताउनुभयो । यही गतिमा गर्दा झण्डै बीस/तीस वर्ष लाग्नसक्ने देखिएको छ । बर्दिवासबाट निजगढतर्फ निर्माण भइरहेको योजनाले जनाएको छ । यो आवमा १५ किमी निर्माणको लक्ष्य रहेको र सोहीअनुसार निर्माण भइरहेको महानिर्देशक विसुरालले जानकारी दिनुभयो ।

निर्माणाधीन खण्डमा वन क्षेत्रको समस्या रहेकाले निर्माणमा बाधा पुगिरहेको विभागले जनाएको छ । बर्दिवासको खण्डमा पुल पनि निर्माणाधीन रहेको छ । वन क्षेत्रमा रेलमार्ग निर्माण गर्ने निर्णय भए पनि सामुदायिक वन उपभोक्ता समिति, जिल्ला वन कार्यालय, वन पैदावार विकास समितिलगायत निकाय सबै सहमत नहुँदा निर्णय कार्यान्वयन गर्न गाह्रो हुने उहाँले बताउनुभयो ।

भारत सरकारको सहयोगमा निर्माणाधीन अरु योजनाजस्तै पूर्व-पश्चिम रेलमार्गमा पनि ‘ब्रोड गेज’मा निर्माण भइरहेको छ । हाल भारतको जयनगरबाट धनुषाको कुर्थासम्म रेल सञ्चालनमा छ । महोत्तरीको विजुलपुरासम्म रेलमार्ग सम्पन्न भइसकेकाले त्यहाँसम्म नै सञ्चालन गरिने सरकारको योजना छ । भारत सरकारको सहयोगमा नै बर्दिवाससम्म रेलमार्ग निर्माण हुनेछ । बर्दिवाससम्म रेलमार्ग बनेपछि त्यहाँबाट निजगढसम्म लैजाने गरी सरकारले यो खण्ड निर्माण गरिरहेको महानिर्देशक विसुरालले बताउनुभयो ।

आयोजनामा सरकारले वार्षिकरुपमा विनियोजन गर्ने बजेट कम रहेकाले गति लिन नसकेको विभागले जनाएको छ । आयोजनामा हालसम्म वैदेशिक लगानी निश्चित भइसकेको छैन । रेलमार्गको बीचको एउटा खण्डमा अझै पनि विस्तृत अध्ययन सकिएको छैन । पहिले सबै खण्डमा एकैपटक अध्ययन भइसके पनि रेखाङ्कनमा राष्ट्रिय निकुञ्ज परेकाले सो रेखाङ्कन परिवर्तन गरेर हेटौँडा हुँदै भरतपुर पुग्ने गरी तय गरिएकाले बाँकी रहेको हो ।

आयोजना आफैँ सरकारको प्राथमिकतामा नपरेको र विभिन्न कानुनी अलमल कायम रहेको महानिर्देशक विसुरालले बताउनुभयो । केही समय पहिले आएको रेल्वेसम्बन्धी ऐनले रेल सञ्चालनका लागि बोर्डको व्यवस्था गरेको छ । बोर्डको नयाँ संरचना बनाएर विकास गर्न अलमल रहेको उहाँले बताउनुभयो ।

ऐनको अवधारणाअनुसार बोर्डमा राजनीतिक नियुक्तिको व्यवस्था छ । उहाँले भन्नुभयो, “बोर्डका लागि नयाँ भर्ना गरेर कर्मचारी नियुक्त गर्नुपर्ने, कार्यालय खडा गर्नुपर्ने र कानुन बनाउने गर्न समय लाग्न सक्छ ।”

रेल सबैभन्दा सस्तो र सुरक्षित यातायातको साधन मानिने महानिर्देशक विसुरालले बताउनुभयो । अरु यातायातका माध्यमभन्दा यात्रुका लागि सस्तो पर्ने र दुर्घटनाको जोखिम कम भएकाले पनि यसको आवश्यकता महसुस हुने गरेको उहाँको भनाइ छ । रेल एक्लैको विकासभन्दा पनि यातायात क्षेत्रको एकीकृत विकास आवश्यक रहेको विषय हाल विज्ञहरुले बताइरहेका छन् । उहाँले भन्नुभयो, “एउटा यातायात मात्रै सोच्नेभन्दा समग्रमा योजना गर्नुपर्छ, कुनकुन किसिमको यातायात कहाँ आवश्यक छ भनी योजना बनाएर अघि बढ्नुपर्छ ।”

रेल निर्माणमा नै लामो समय लाग्दा त्यसले लागत बढ्ने उहाँले बताउनुभयो । निर्माण भएको पाँच वर्षमा रेलको मर्मत थाल्नुपर्ने हुन्छ । एकातिर बनाउँदै गयो अर्कातर्फ बिग्रने अवस्था आउने उहाँले बताउनुभयो । रेल चाँडो सम्पन्न गरेर चाँडो सुरु गर्दा मात्रै त्यसले लगानी उठाउन सक्ने उहाँको भनाइ छ ।

बसको जस्तो यहाँसम्म बनेको छ चलाउँदै गरौँ भन्ने नभएर रेलमार्ग बनेपछि पनि रेल स्टेशनलगायतका संयन्त्र आवश्यकपर्ने उहाँले बताउनुभयो । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले नेपालमा रेल सुरु मात्रै भएको र कसरी अघि बढ्ने भन्ने छलफलका क्रममा रहेको बताउनुभयो ।

पहिले राजनीतिक नेतृत्वले योजना बनाउने र त्यसैका आधारमा प्राविधिक पक्ष मिलाउनुपर्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “कर्मचारीले लगानी सकिन्छ सकिँदैन वा यसरी सकिन्छ भनेपछि राजनीतिक नेतृत्वले पुनःविचार गर्ने हो र अहिले त्यही क्रममा छ ।” पहिले पूर्व-पश्चिम विद्युतीय रेलमार्ग नौ सय ४५ किमी लम्बाइ हुने देखिएको थियो । पहिलेको रेखाङ्कन परिवर्तन गरेर नयाँ अध्ययन हुँदा कूल लम्बाइ परिवर्तन हुनसक्ने देखिएको छ । पुरानो रेखाङ्कन चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय राष्ट्रिय निकुञ्ज भएर जाने गरी अध्ययन भएको थियो । अहिले निजगढ-हेटौँडा-भरतपुरको अध्ययन सकिँदा लम्बाइ केही बढ्ने अनुमान छ ।

नेपालमा रेल यातायातमा अहिलेसम्म उल्लेखनीय उपलब्धि हासिल भइनसके पनि धेरै योजना अघि बढिरहेका छन् । नेपालसँग अन्तरदेशीय रेलमार्ग विस्तारमा दुवै छिमेकी देश भारत र चीनले चासो देखाइरहेका छन् । भारतीय सरकारको सहयोगमा सीमा क्षेत्रमा पाँच रेलमार्ग निर्माणको सम्झौता भएकामा हाल दुई स्थानमा निर्माण भइरहेको छ ।

भारत सरकारले रक्सौलबाट सङ्घीय राजधानी काठमाडौँसम्म रेलमार्ग निर्माणका लागि अध्ययन गरिरहेको छ । यसअघि नै पूर्वसम्भाव्यता अध्ययन गरिसकेको चीन सरकारले काठमाडौँ-केरुङ रेलमार्ग निर्माणका लागि केही समय पहिले मात्रै विस्तृत अध्ययन सुरु गरेको छ । पहिले रेल यातायात भौतिक पूर्वाधार मन्त्रालयमा एउटा आयोजनाका रुपमा रहेको थियो । विसं २०६८ देखि रेल विभाग स्थापना भएपछि त्यसले नै रेल यातायातमा काम गरिरहेको छ ।रासस

# भारतीय बजारका कारण मारमा उपभोक्ता

पोखरिया । नेपाली धानको मूल्यवृद्धि हुँदा किसानले राहत पाएको बताएका छन् । नेपाली धानको मूल्य गत वर्षको तुलनामा यसपाली प्रतिक्विन्टल तीन सय रुपैयाँले वृद्धि भएपछि किसानले थोरै भए पनि राहत पाएका छन् ।

भारतले धान निकासीमा कोटा लगाएसँगै भारतमै मूल्यवृद्धि भएपछि नेपाली धानको मूल्य पनि गत वर्षको तुलनामा यसपाली प्रतिक्विन्टल तीन सय रुपैयाँसम्मले बढेपछि किसानले सामान्य राहत पाएका छन् ।

धानको मूल्य बढेसँगै प्रतिकेजी ४८ रुपैयाँमा पाइने सोना मन्सुली चामलको मूल्य अहिले केजीको ५८ रुपैयाँ पुगेको छ । त्यस्तै ५० रुपैयाँ किलोमा पाइने मन्सुली चामलको मूल्य ६४ रुपैयाँ र ९० रुपैयाँ किलोमा पाइने जिरा मसिनो चामलको मूल्य अहिले ९० रुपैयाँ पुगेको छ ।

धानको पकेट क्षेत्र मानिने पर्सालगायत मधेस प्रदेशका किसान मारमा पर्दै आएको गुनासो छ । यसपाली भने केही भए पनि राहत पाएको वीरगञ्ज वडा नं ३० लालपर्साका किसान सीतारामप्रसाद, धानको उत्पादनमा लाग्ने खर्चभन्दा बिक्री गर्ने रकम जहिले कम नै हुने गरेको भए पनि यसपाली भने थोरै भए पनि खुसी भएको बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, “म अहिले ६५ वर्षभन्दा माथिको उमेरका भए, करिब १६ वर्षको उमेरदेखि धानखेती गर्दै आएको छु । मेहनत र लगनका कारण फसल पनि राम्रै हुने गरेको छ । तर फसल राम्रो उब्जाउन खाद्य समयमा नपाउने, महँगोमा पाइने, भारतबाट ल्याउँदा दुःख पाउने आफ्नो देशमा नपाइने अवस्था छ । विजोग छ ।

त्यसमा पनि फसल उब्जाइहाले बेच्न समस्या । यस्तोमा अलिकति भए पनि धानको मूल्यवृद्धि हुँदा खुसी नै छौँ हामी किसान तर यो पर्याप्त चाहिँ छैन ।” अर्का पर्साको सबैठवा-४ की किसान किसमतीया देवीले भन्नुहुन्छ, “धान उत्पादन गर्न सिँचाइका लागि पानी किनेरै हाल्नुपर्ने, खाद्य पनि महँगो पर्ने, पानी नपर्दा झन धानखेतीलगायत सबै खेती नै महँगो पर्ने हुँदा धानको मूल्य वृद्धि त भएको छ । केही मात्रामा राहत भए पनि पर्याप्त भने छैन । सरकारले अझ सोच्नुपर्ने हुन्छ ।

धानको मूल्यवृद्धि हुँदा एकातिर किसानले खुसी व्यक्त गरेका छन् भने अर्कोतर्फ चामलका उपभोक्ता भने मारमा परेको बताएका छन् । धानमा प्रतिक्विन्टल तीन सय रुपैयाँसम्म मूल्यवृद्धि हुँदा चामलमा प्रतिकिलो १५ रुपैयाँदेखि २५ रुपैयाँसम्म मूल्यवृद्धि भएका कारण आफूहरु मारमा परेको उपभोक्ताले गुनासो गरेका छन् ।

वीरगञ्ज महानगर वडा नं १२ मूर्लीकी सरिता देवी कुर्मीले चामलको मूल्य अचानक बढेपछि भान्सा व्यवस्थापनका लागि धेरै नै समस्या भइरहेको गुनासो गर्नुहुन्छ । भारतले नेपालका लागि चालू वर्षमा छ लाख टन धान निकासी गर्ने कोटा निर्धारण गरेका कारण भारतमै धानको मूल्य बढेपछि नेपालमा पनि धानको मूल्य बढ्दा चामलको मूल्य पनि बढेपछि उपभोक्ता मारमा परेका हुन् । नेपाल चामल तेल दाल उद्योग सङ्घका केन्द्रीय अध्यक्ष सुबोध गुप्ताले भारतर्फले गत वर्षदेखि समर्थन मूल्य पाँचदेखि छ रुपैयाँ बढाएर बिक्री गर्ने गरेको र भारततर्फबाट धान, चामल नेपालतर्फ आयात गर्दा त्यसमा नै भन्सार कर र भाडा जोडेर नेपालतर्फ बिक्री गर्नुपर्ने कारणले मूल्यवृद्धि भएको अवस्था रहेको बताउनुहुन्छ ।

उहाँले अझ पनि नेपाल धान चामलका लागि ५० देखि ६० प्रतिशत भारततर्फ नै निर्भर रहेको र नेपालतर्फको बजारमा पनि भारततर्फकै धान, चामलको समर्थन मूल्यले ठाउँ लिँदा यस्तो अवस्था सिर्जना भएको भन्नुहुन्छ ।

गत वर्ष यही सिजनमा सोना मन्सुली धानको मूल्य प्रतिक्विन्टल दुई हजार आठ सय थियो भने हाल तीन हजार एक सय रुपैयाँ छ । त्यही धानको मूल्य भारतमा तीन हजार दुई सय ५० रुपैयाँ रहेको अर्थात् नेपालको धान, चामलको मूल्य पनि भारतीय बजारका आधारमा निर्धारण हुँदै आएको सुबोध गुप्ताको भनाइ छ ।

चालु आवको हालसम्म वीरगञ्ज नाकाबाट १९ हजार आठ सय १ मे.टन अर्थात् एक अर्ब ५० करोड ५५ लाख बराबरको भारततर्फबाट आयात भएको वीरगञ्ज भन्सार कार्यालयको तथ्याङ्कमा छ भने धान एक लाख ९४ हजार ८१ मे.टन अर्थात् छ अर्ब ८१ करोड रुपैयाँ बराबरको आयात भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ ।रासस


## औरही नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृति गर्ने आशयको सुचना

**प्रकाशित मिति : २०७९।१०।२७**

यस औरही नगरपालिका कार्यालयले तपसिलमा उल्लेखित कार्यको लागि मिति २०७९।०८।११ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका र PPMO website www.bolpatra.gov.np मा प्रकाशित सूचना अनुसार रीत्तपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय अनुसारको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**तपसील :**

| सि. न. | विवरण | योजनाको नाम | छनोट भएको बोलपत्र | स्वीकृत रकमरु. (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १. | AM/GOODS/ NCB/079/80-03 | Supply of Hand Pump and Artesian Tube Well | Jaiswal Nirman Sewa (Shrijna Traders) Aurahi Na.Pa.-1 Mahottari | ४७,९५,०३५।९४ |
| २. | AM/GOODS/ NCB/079/80-05 | Purchage of Electric water pump (Motor) | KWALITY SOLUTION COMPANY PRIVATE LIMITED Bagdol Lalitpur | ४२,००,०००।०० |

**नि.प्रमुख प्रसाशकीय अधिकृत**

# प्रादेशिक अस्पतालमा लापरबाही




**राजन झा**

जनकपुरधाम । प्रादेशिकअस्पताल जनकपुरधामका कर्मचारीहरु लापरबाहीका कारण सेवाग्राहीहरु समस्या भोग्न बाध्य बनेका छन् । अस्पतालको सोधपुछ शाखा, निःशुल्क औषधि वितरण शाखासहितका शाखाका कर्मचारीहरु उपस्थित नहुँदा सेवाग्राहीहरु समस्या भोग्न बाध्य बनेका छन् ।

अस्पतालको सोधपुछ शाखाका कर्मचारीले कामै नगरी तलब लिने गरेको आरोप अस्पतालकै एक कर्मचारीले लगाए । अस्पतालबारे कुनै जानकारी लिनका लागि सोधपुछ शाखा अत्यन्त महत्वपूर्ण मानिएको भए पनि सो शाखा जत्तिखेर पनि कर्मचारीविहीन देखिने गरेको गुनासो एक कुरुवा रामदेव यादवले पोखे । उनले भने,' म करिब आधाघण्टा भन्दा बढी समयदेखि शाखा नजिक बसेको छु तर मैले कुनै कर्मचारीलाई देखिन,को संग सोध्ने ? अन्य कर्मचारीहरुसंग सोध्दा सोधपुछमा गएर सोध्नुस भन्ने जवाफ आउने गरेको छ ।'

विगत सात दिनदेखि अस्पतालमा कुरुवा भएर बस्दै आएका महोत्तरी मटिहानीका रामेश्वर साहले पनि सोधपुछ शाखामा पटक-पटक आउँदा कुनै कर्मचारी नभेटेर फिर्ता जानु परेको बताए । उनले जुनसुकै बेला पनि कर्मचारी नभेट्नु लापरबाही रहेको र सो बेथितिलाई हेर्ने कोही पनि नरहनु दुर्भाग्यपूर्ण रहेको बताए ।

सोधपुछ शाखाका जिम्मेवारी पाएकी बबिता यादवसंग सम्पर्क गर्न खोज्दा उनीसंग सम्पर्क हुन सकेन । यसबारे अस्पतालका उप-निर्देशक डा.कृष्णदेव दासले सोधपुछ शाखाको कर्मचारीको लापरबाहीबारे कसैले कुनै गुनासो नै नगरेको र कसैले गुनासो गरे कारबाही गर्ने प्रतिक्रिया दिए । कुनै पनि संस्थाको प्रारम्भिक जानकारीको लागि आउने सर्वसाधारणहरुलाई सजिलोका लागि सोधपुछ शाखा स्थापना गरिएको र त्यही शाखामै कर्मचारीहरुले लापरवाही गर्नु पक्कै पनि क्षमा योग्य नहुने बताए ।

त्यसैगरी निःशुल्क औषधि वितरण शाखामा दुई जना कर्मचारी रहेपनि एक जना मात्रै उपस्थित हुने गरेका छन् । शाखामा विभा कर्ण र मनोज सिंह रहेका छन् तर मनोज कार्यालयमा हाजिर भएर आफ्नो काममा व्यस्त हुने गरेका छन् ।

औषधि लिन बिहीबार शाखामा पुगेका बिरामीका कुरुवा राजकिशोर झाले घण्टौ कुर्नु परेको गुनासो गरे । यता, परिचारिका कर्णले एक्लै भएकोले कुनै कुनै बेला शौचालय लगायतको आकस्मिक कामले बाहिर निस्कनु पर्दा केही बेर सम्म सेवाग्राहीहरुलाई सास्ती खेप्नु परेको स्वीकारिन् ।

१० बजेदेखि ५ बजे सम्म कार्यालयमा दुबै कर्मचारी अनिवार्य बस्नु पर्ने भए पनि एक जना महिला कर्मचारी मात्रै देखिने गरेको स्रोतले जनाएको छ । त्यति मात्र नभइ औषधि वितरण शाखामा कर्मचारीहरुकै लापरवाहीको कारण बिरामीहरुलाई म्याद गुज्रेको औषधि समेत वितरण हुने गरेको गुनासो पटक-पटक सुनिएको छ ।

# सुस्त गतिमा मधेश प्रदेश सरकारको बजेट खर्च

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकार अस्तित्वमा आएको झण्डै ६ वर्ष हुन लागे पनि कुनै पनि आर्थिक वर्षमा मधेश प्रदेश सरकारको वार्षिक बजेट खर्च सन्तोषजनक देखिएको छैन् ।

चालु आर्थिक वर्षमा मधेश सरकारको कुल बजेट ४६ अर्ब ८८ करोड ९ लाख ४६ हजार रहेकोमा पछिल्लो ६ महिना पुस मसान्त सम्म ५ अर्ब ११ करोड ६० लाख ८१ हजार रुपैयाँ मात्र खर्च भएको छ । अर्थात कुल बजेटको १० दशमलव ९४ प्रतिशत खर्च भएको देखिन्छ ।

चालु तर्फ २ अर्ब ४५ करोड ३५ लाख ६ हजार अर्थात ११ दशमलव ७२ प्रतिशत र पूँजीगततर्फ २ अर्ब ६५ करोड ९२ लाख ५१ हजार १० दशमलव २४ प्रतिशत बजेट खर्च भएको प्रदेश कोष लेखा नियन्त्रक कार्यालयका प्रवक्ता मनोज झाले बताए ।

पछिल्लो ६ महिनामा सबभन्दा बढी सामाजिक विकास मन्त्रालयले २ अर्ब ४० लाख ५हजार र सबभन्दा कम वाणिज्य आपूर्ति तथा विज्ञान प्राविधि मन्त्रालयले ३९ लाख ५३ हजार खर्च गरेको छ ।

प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पछिल्लो ६ महिनामा ६ करोड ५८ लाख ८ हजार ३ सय ४०, अर्थ मन्त्रालयले ३ करोड ८३लाख ८१ हजार १२९ रुपैयाँ खर्च गरेको छ ।

त्यसैगरी, उद्योग, पर्यटन तथा वन मन्त्रालयले ५० करोड ६ लाख १८ हजार, कानून, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालयले १३ करोड १ लाख १८ हजार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले १९ करोड ४२ लाख ७६ हजार,खानेपानी तथा उर्जा विकास मन्त्रालय ३० करोड ६५ लाख ४२ हजार, गृह तथा सञ्चार मन्त्रालयले ५ करोड ७५ लाख ५९ हजार पछिल्लो ६ महिनामा खर्च गरेको छ ।

त्यस्तै, भौतिक पूर्वाधार विकास मन्त्रालयले चालु आर्थिक वर्षको पछिल्लो ६ महिनामा १ अर्ब ४३ करोड २ लाख ८ हजार, महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालयले ३ करोड २९ लाख ४६ हजार पुस मसान्त सम्म खर्च गरेको प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको खर्च तथ्याङ्कमा उल्लेख छ ।




## कुन वर्षमा कति प्रतिशत बजेट खर्च

**आर्थिक वर्ष २०७८/०७९ मा कुल बजेटको ६४ प्रतिशत**
**आर्थिक वर्ष २०७७/०७८ मा कुल बजेटको ६५ दशमलव ५६ प्रतिशत**
**आर्थिक वर्ष २०७६/०७७ मा कुल बजेटको ५० प्रतिशत**
**आर्थिक वर्ष २०७५/०७६ मा कुल बजेटको ४७ प्रतिशत**

### यस कारण बढ्दैन प्रदेश सरकारको बजेट

मधेश प्रदेश सरकारको चालु आर्थिक वर्ष २०७९/०८० को ६ महिना बितिसक्दा पनि कुल बजेटको झण्डै ११ प्रतिशत रकम मात्रै खर्च भएको देखिन्छ ।

प्रदेशका अर्थ मन्त्रालयका अनुसार प्रदेश र प्रतिनिधि सभाको चुनाव, कर्मचारीको अभाव लगायतका कारण बजेट अपेक्षा अनुसार खर्च हुन सकेको छैन । निर्वाचनका क्रममा तीन महिनासम्म लगाइ आचार संहिताले पनि प्रदेश सरकारको काम निकै प्रभावित भएकोले बजेट खर्च कम देखिएको अर्थ मन्त्रालयका सचिव गजेन्द्र ठाकुरले जानकारी दिए ।

आर्थिक वर्षको प्रारम्भमा योजना संचालनको लागि ठेक्का, सम्झौता गर्नुपर्ने हुन्छ, उनले भने-'निर्वाचनको क्रममा लगाइने आचार संहिताले ती नयाँ योजनाहरुको सम्झौता र त्यसको कार्यान्वयन प्रक्रिया आगाडि बढ्न सकेन । अर्को मन्त्रीहरु पनि थिएन, त्यसकारण पनि यो आर्थिक वर्षको पछिल्लो ६ महिनाको खर्च कम देखिएको छ ।' कतिपय योजनाहरुको काम सुरु भए पनि त्यसको भुक्तानी पनि नहुँदा कम खर्च देखिएको उल्लेख गर्दै उनले भने-' अव विकास निर्माणले गति लिएपछि बजेट खर्चको गति पनि बढ्ने छ ।'

संघीय सरकारले चालु आर्थिक वर्षमा मधेश प्रदेशलाई दिने ससर्त, समपूरक, राजस्व बाँडफाँट तथा अनुदान कुल रकम २६ अर्ब दिने हो, सचिव ठाकुरले भने-'अहिले सम्म पछिल्लो ६ महिनामा हामीले ६ अर्व मात्रै प्राप्त गर्न सकेका छौ । जबकी अहिलेसम्म दोस्रो चौमासिकको रकम पाउनुपर्नेमा एक चौमासिकको मात्रै पाएको छौ । यसले पनि विकास निर्माणमा समस्या हुने गरेको छ । बजेटको सुनिश्चतता नभएर सम्म काम अगाडि बढाउ न सक्दैनौ, काम गराएर पैसा पनि दिनुपर्ने हुन्छ । तर संघीय सरकारले समयमा बजेट निकासा नदिँदा काम रोक्नुपर्ने हुन्छ ।'

### बजेट खर्च बारे के भन्छन् पूर्व मुख्यमन्त्री र अर्थ मन्त्री ?

मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउतले बजेट खर्च नबढनुको विभिन्न काराणहरु मध्ये कर्मचारीको काम नगर्ने प्रवृत्ति पनि एउटा महत्वपूर्ण कारण रहेको आरोप लगाए । मुलुक केन्द्रीकृत शासन व्यस्थाबाट विकेन्द्रीकृत शासन प्रणालीमा गए पनि कर्मचारीहरुको काम गर्ने शैलीमा खासै परिवर्तन नदेखिएकोले प्रदेशहरुको बजेट खर्चको अवस्था कमजोर हुने गरेको बताए ।

एक त मधेश प्रदेशमा कर्मचारीको व्यापक अभाव छ, अर्कोतर्फ भएका कर्मचारीहरु मध्ये दक्ष कर्मचारीको संख्या पनि न्यून छ, पूर्व मुख्यमन्त्री राउतले भने-'कर्मचारी प्रदेशमा खटेका छन्,तर कर्मचारी संघीय सरकारप्रति बढी जिम्मेवार हुन्छ, प्रदेश सरकारले भनेको काम पनि विभिन्न बहाना बनाएर दिनहरु खेपिरहेका हुन्छ । काम गर्ने मनसाय नै हुँदैन । दबाब दिएको खण्डमा सरुवा गराउने वा बिदा लिएर घरमा बस्ने विगतमा कर्मचारीहरुको प्रवृत्ति देखियो । बजेट कार्यान्वयन गर्ने कर्मचारी नै ढिलासुस्ती गरेपछि त्यसको प्रभाव बजेट खर्चमा पर्नु स्वाभाविक हो ।'

मुख्यमन्त्री राउतले कतिपय ठेकेदारले काम लिने र समयमा काम नगर्ने प्रवृत्तिले पनि बजेट खर्चमा समस्या देखिएको उनले बताए । पूर्व मुख्यमन्त्री राउतले गत वर्षभन्दा यस वर्ष बजेट खर्च बढ्ने बताए ।

मधेश प्रदेश सरकारका पूर्व अर्थ मन्त्री शैलेन्द्र प्रसाद साहले बजेट खर्च कम हुनुका विभिन्न कारण मध्ये स-साना योजनाहरु एक महत्वपूर्ण कारण रहेको बताए । प्रदेश सरकारले जुन हिसाबले बहुवर्षीय योजना ल्याउनुपर्ने थियो त्यो ल्याउन सकेन, कम बजेटका स-साना योजनाहरु बढी ल्याए, मन्त्री साहले भने-'योजना सानो होस् वा ठूलो त्यसलाई अगाडि बढाउन त्यही प्रक्रिया हुन्छ । १०/२० लाखको योजनाका त्यही प्रक्रिया हुन्छ, ५० लाख भन्दा माथिका योजनाहरुमा त्यही प्रक्रिया हुन्छ । त्यसकारण प्रक्रिया पूरा गर्दा-गर्दै अधिकांश योजनाहरु समयमा कार्यान्वयन गर्न कठिनाइ हुने गरेको देखियो । त्यसकारण यसलाई समयमा सुधार गर्नु आवश्यक छ ।'

विगतका वर्षहरुमा योजना कार्यान्वयनमा समस्या देखिएकोले १५ लाख भन्दा कम बजेट भएका योजनाहरु प्रदेश सरकारले आफै नगरी त्यस्ता योजनाहरु स्थानीय तहको जिम्मा लगाउनुपर्ने भनेर आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममा ल्याएरका थियौं, पूर्व मन्त्री साहले भने-'तर दुर्भाग्य अहिले पनि केही मन्त्रालयहरु स-साना योजनाहरु आफै गरिरहेको देखिन्छ ।' उनले बजेट खर्च बढाउन बहुवर्षीय योजनाहरुमा जोड दिनुपर्ने बताए ।

### बजेट खर्चमा जोड दिदै सरकार

प्रदेशका नव नियुक्त अर्थ मन्त्री संजय कुमार यादवले पछिल्लो ६ महिनाको बजेट खर्च निराशाजनक देखिएकोले अव सरकारले बजेट कार्यान्वयनमा जोड दिने बताए ।

प्रदेश सरकारलाई संचालन गर्न कम्तीमा ५ हजार कर्मचारी चाहिएकोमा अहिले दुई हजार पनि नरहेको बताउदै अर्थमन्त्री यादवले भने-'कर्मचारीको अभाव भएर पनि हामीले बढी भन्दा बढी बजेट कार्यान्वयन कसरी अगाडि बढाउने विषयमा गम्भीरतापूर्वक लागेका छौ । त्यसका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको कार्य सम्पादन समिति गठन गरिएको छ । उक्त समितिले अहिले बजेट कार्यान्वयनमा देखिएको समस्याको अध्ययन र त्यसको समाधान गर्न दिने सुझावलाई आत्मसात गरी सरकारले त्यसलाई अगाडि बढाउने छ ।' त्यसैगरी, कर्मचारी व्यवस्थापनको विषयमा सरकारले संघीय सरकारसँग छलफल गरेर अगाडि बढ्ने मन्त्री यादवले बताए ।

केही कार्यालयलाई दुई जिल्लाको जिम्मेवारी तोकिएको छ, मन्त्री यादवले भने-'पूर्वाधार विकास कार्यालय, भवन डिजिन कार्यालय लगायतका कार्यालयहरुलाई दुई-दुई जिल्लाको जिम्मेवारी तोकिएको छ । ती कार्यालयहरुमा कर्मचारीको पनि अभाव छ, त्यकारण जिम्मेवारी बढी भए पनि कर्मचारी अभावमा काम अपेक्षा अनुसार हुन सक्दैन । त्यसकारण यसलाई व्यवस्थापन गर्ने विषयमा पनि सरकारले छलफल गरेर छिटै नै कुनै निर्णय गर्नेछ ।' मन्त्री यादवले अघिल्लो ६ महिनासम्म मन्त्रीहरुलाई उद्घाटन, शिलान्यास लगायतका कार्यक्रममा सहभागी नहुन मुख्यमन्त्री यादवले आग्रह सहितको निर्देशन दिएको बताए ।

# मधेश प्रदेशलाई पूर्ण साक्षर प्रदेश बनाउँछौ : मन्त्री यादव

**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेश सरकारको शिक्षा विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेशप्रसाद यादवले मधेश प्रदेशलाई पूर्ण साक्षर प्रदेश बनाउन प्रदेश सरकारले अभियान सुरु गर्न लागेको बताएका छन् ।

राजविराज नगरपालिका ६ स्थित श्री आधारभूत विद्यालय थानगाछीको विहीबार स्वर्ण जयन्ती तथा शिक्षक विदाई समारोह कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले यस्तो बताएका छन् । उनले मधेश प्रदेश अशिक्षित प्रदेशको रुपमा परिचित रहेकाले यसलाई पूर्ण साक्षर प्रदेश बनाउन अभियान चलाउन लागेको जानकारी दिए ।

सरकारको बजेटको ठूलो खर्च भइरहेको सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अस्तव्यस्त रहेकाले आवश्यक नीति बनाएर व्यवस्थित गर्ने कार्य अघि बढाएको उल्लेख गर्दै उनले शिक्षालाई विज्ञान र प्रविधिसँग जोड्न आवश्यक प्रविधिको विकास गर्न लागिएको बताए । आफ्ना विद्यार्थीहरुलाई नियमित विद्यालय पठाउन अभिभावकहरुलाई आग्रह गर्दै मन्त्री यादवले अब अभियान अन्तर्गत आफ्नो विद्यार्थी पढिरहेको छ वा छैन्, गुणस्तरीय शिक्षा पाइरहेको छ वा छैन् त्यसबारे पनि क्रसचेक समेत गर्न सुझाव दिए ।

विद्यालयहरुका भौतिक संरचनासँगै सामुदायिक विद्यालयप्रति आकर्षण बढाउन सबैसँग सहकार्य गरेर अघि बढ्ने प्रदेश सरकार तयार रहेको उनको भनाई छ । थानगाछी विद्यालयसम्म पुग्ने बाटो बनाउन तत्काल आफ्नो संसदीय कोषबाट बजेट उपलब्ध गराउने, विद्यालयमा फर्निचर र भौतिक संरचना निर्माणका लागि प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता समेत उनले व्यक्त गरे ।



राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत प्रवीणले नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेको बताइन । नगर क्षेत्रको शैक्षिक अवस्था खस्किदै गएको बताउदै उनले भनिन-'शैक्षिक गुणस्तरीयता ल्याउन सबै पक्षको सहयोग र सहकार्य आवश्यक छ ।'

शिक्षामा राजनीति गर्न नहुने तर्क गर्दै उनले शिक्षा क्षेत्रको समस्यालाई हल गर्न नगरपालिकाले श्रोत साधानले भ्याए सम्म सहयोग गर्ने बताइन ।

कार्यक्रममा विद्यालयका प्राधानाध्यपक भोला प्रसाद साहले विद्यालयमा भौतिक पूर्वाधारको अभावका बीच शिक्षण सिकाइ गर्दै जीर्ण रहेको विद्यालय भवनको पुर्निनिर्माण तथा फर्निचरको व्यवस्थापनका लागि सहयोग गर्न प्रदेश सरकारसँग आग्रह गरे । उनले विद्यालय खानेपानीको समस्या झेल्दै आएको जानकारी दिँदै विद्यालयमा छात्राहरुको लागि सेनेटरीप्याड र प्रविधिमैत्री शिक्षाका लागि आवश्यक सामग्री उपलब्ध गराइदिन आग्रह गरे ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्याम नारायण चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा पूर्व प्रदेश सभासदस्य नेत्र विक्रम साह, वडा अध्यक्ष शशि चौधरी, शिक्षक अभिभावक संघका राधेश्याम साह, पूर्व शिक्षक सुरेन्द्र चौधरी, स्थानीय सत्रुधन साह, शिक्षक फुलचन्द्र साह, एन प्याब्सन सप्तरीका अध्यक्ष नरेश प्रताप साह, अभिभावक रामकुमार साह, राजविराज नगरपालिकाका निमित प्रमुख प्रशासकीय अधिकृत निरञ्जन कुमार यादव लगायतले शैक्षिक गुणस्तरका लागि शिक्षक, अभिभावक लगायत सबै सरकोकारवाला मिलेर काम गर्नुपर्नेमा जोड दिएका थिए ।

सो अवसरमा अनिवार्य अवकाश प्राप्त गरेका शिक्षिका जया कुमारी दासलाई दोसल्ला ओढाएर मन्त्री यादवले सम्मान गरेका थिए । २०२९ सालमा स्थापित श्री आधार भूत विद्यालय थानगाछीमा हाल ४५० जना विद्यार्थीहरु अध्ययनरत छन् ।

# डा. प्रमोदले गरे डा. प्रमोदलाई बरबुझारथ

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रादेशिक अस्पताल जनकपुरधामका पूर्व मेसु प्रमोद यादवले वर्तमान मेसु प्रमोद यादव समक्ष बरबुझारथ गरेका छन् । उनले अस्तालवाट पाएका जिन्सी लगायतका सामग्री वर्तमान मेसु यादवलाई बरबुझारथ गरेका छन् ।

पूर्व मेसु यादवले आफू यहाँवाट गएपछि केही सरसामान आफ्नो मातहतमा रहेपनि आफूले पटक पटक बरबुझारथकालागि आग्रह गरेका थिए तर, समय अनुकूल नभएर सरसामान बरबुझारथ हुन नसकेको उनले जानकारी दिए । सरकारी सरसामान सरकारी कामकाजको लागि सम्बन्धित निकायले प्रयोग गर्नुपर्ने भन्दै पूर्व मेसु यादवले भने-'म बसुन्जेल मैले प्रयोग गरे, म पछि आएका मेसुले प्रयोग गर्नेछ । यो सरकारी सामान हो कसैको व्यक्तिगत होइन् ।'

पूर्वमा के भयो आफूलाई थाहा नरेहेको भन्दै वर्तमान मेसु यादवले डा. यादवले जिन्सीवाट बुझेका सामग्रीहरु दाखिला भए बमोजिम बुझाएको जानकारी दिँदै उहाँमाथि अहिले सम्मको रेकर्डमा केही बाँकी नरहेको जानकारी दिए । उनले भने-'डा. यादव भन्दा पहिलाका मेसुहरुको रेकर्ड हेर्नु पर्छ तर, उहाँले अहिले सम्म सम्पूर्ण सरसमान बरबुझारथ गर्नुभएको छ, बाँकी बक्यौता केही पनि छैन् ।'

# हिरासतबाट फरार मध्ये दुई अझै बाँकी

**टुडे समाचारदाता**

जनकपुरधाम । ईलाका प्रहरी कार्यालय महेन्द्रनगरको हिरासत कक्ष फोडेर फरार भएका ६ जना मध्ये दुई जना अझै पक्राउ परेका छैनन् । उनीहरु फरार भएको ११ दिन बितिसक्दासमेत पक्राउ परेका छैनन् । यही माघ १५ गते राति हिरासत फुटाएर ६ जना थुनुवा फरार भएका थिए । जसमध्ये चार जना पक्राउ परिसकेका छन् ।

क्षीरेश्वरनाथ नगरपालिका २ का रोशन यादव र मिथिला नगरपालिका ६ का शंकर महतो पक्राउ पर्न बाँकी छन् । फरार यादव सार्वजनिक शान्ति विरुद्धको अपराध मुद्दामा थुनामा थिए भने महतो हात हतियार तथा खरखजाना मुद्दामा पक्राउ परेका थिए । यादव माघ ४ गते र महतो १३ गते पक्राउ परेका थिए ।

यद्यपि प्रहरीले मुख्य योजनाकार क्षीरेश्वरनाथ नगरपालिका ५ का विनोद शर्मासहित चार जनालाई पक्राउ गरिसकेका छन् । फरार भएका मध्ये प्रहरीले मिथिला नगरपालिका २ का २५ वर्षीय हरिदीप सिंह, क्षीरेश्वरनाथ नगरपालिका २ का २५ वर्षीय अमित मण्डल, मिथिला नगरपालिका ६ का रोशनकुमार महतोलाई पक्राउ गरिसकेका छन् ।



यस घटनामा मधेश प्रदेश प्रहरीले वरिष्ठ प्रहरी उपरीक्षक मनोज यादवको नेतृत्वमा र जिल्ला प्रहरी कार्यालय धनुषाले प्रहरी नायव उपरीक्षक प्रदीप बहादुर क्षेत्रीको नेतृत्व छानबिन समिति बनाएको थियो । तर बीचमै धनुषाका प्रहरी उपरीक्षक क्षेत्रीको सरुवा भइसकेको छ । सो समितिले घटना बारे अझै अनुसन्धान गरिरहेको बुझिएको छ । सबै फरार थुनुवा पक्राउ परेपछि बयान र अनुसन्धानको आधारमा प्रहरी प्रमुखलाई प्रतिवेदन बुझाउने तयारीमा छन् ।

सो घटनामा तीन जना प्रहरीलाई निलम्बन पनि गरिएको छ । हिरासत कक्ष अधिकृत सहायक प्रहरी निरीक्षक (असइ) अशोक मण्डल, प्रहरी हवल्दार सरोज रेग्मी र प्रहरी जवान रोहन मगरलाई निलम्बन गरिएको छ भने त्यहाँ कार्यरत २६ जना प्रहरीलाई पनि जिल्लामा तानिएको छ ।

# स्वास्थ्य संस्था र विद्यालयमा अनुगमन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहले बिहीवार उपमहानगरपालिकाका स्वास्थ्य संस्था र विद्यालयको अनुगमन निरीक्षण गरेका छन् ।

नगर प्रमुख साहले उपमहानगरपालिका- १८ स्थित शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, स्वास्थ्य चौकी र शंकर आधार भूत विद्यालय बहुअर्वाको छड्के अनुगमन गरेका छन् । अनुगमनको क्रममा कतिपय स्वास्थयकर्मी र शिक्षकहरु समयमा कार्यालयमा उपस्थित नहुने गरेको स्थानीयले गुनासो गरेका थिए ।



नगर प्रमुख साहले सबै कर्मचारीलाई सरकारले तोकेको समयमा कार्यालयमा अनिवार्य उपस्थित भइ तोकिएको जिम्मेवारी पूरा गर्न निर्देशन दिए । अब कुनै किसिमको लापरबाही नगर्न चेतावनी पनि उनले दिए । नगर प्रमुख साहले उत्कृष्ट काम गर्ने कर्मचारीलाई प्रोत्साहन र कामै नगर्ने कर्मचारीलाई नियमानुसार कारबाही समेत गरिने । अनुगमनमा वडा नं. १८ का अध्यक्ष लक्ष्मेश्वर मण्डल, वडा नं. १० का वडाध्यक्ष मिथिलेश कर्ण, वडा नं. २२ का अध्यक्ष बिमलेश मिश्र, स्वास्थ्य शाखा प्रमुख विजय साहको उपस्थिति रहेको थियो ।

# मन्दिरमा खानेपानीको अभाव

**टुडे समाचारदाता**

जनकपुरधाम । जानकी मन्दिरमाश्रद्धालुभक्तजनहरुकोलागि खानेपानीको समस्या भएको छ । तात्कालीन सभासद मीनाक्षी झाको संसदीय बजेटबाट २०७१ साल साउनको २५ गत्ते निर्माण भएको 'शीतल पेय जल' भवनमा रहेको खानेपानीको धारा बन्द भएपछि सो समस्या आएको छ ।

विश्वभर प्रख्यात मन्दिरमा दर्शन गर्न आउने श्रद्धालु भक्तजनहरुको संख्या दिनानुदिन बढेर गएको छ भने अर्को तर्फ व्यवस्थापन पक्षको लापरबाहीको कारण कहिले सरसफाईको अभाव त कहिले खानेपानीको अभाव हुने गरेको छ ।




खानेपानीको मेसिन(धारा) बिग्रेको वर्षौ बितिसक्दा पनि यसप्रति सम्बन्धित निकाय भने गम्भीर देखिएका छैनन् । मानवको आधार भूत आवश्यक्ता खानेपानीको लागि समेत समस्या भोग्नु पर्ने अवस्था आउँदा पनि कुनै पक्षको ध्यानाकर्षण हुन नसक्नु दुर्भाग्यपूर्ण रहेको भारत बिहारको दरभंगाका अजय मिश्राको धारणा रहेको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८